# परिच्छेद  एक : परिचय

## १.१ पृष्ठभूमि

हरेक देशका जनताको जीवनस्तरलाई माथि उकास्न प्रगति तथा संमृद्धिका लागि आत्माबल अभिबृद्धि गर्नका साथै चेतनाको विकास गर्दै सक्षम, रुयोग्य र अनुशासित नागरिक तयार गर्ने कार्य शिक्षाले गर्दछ। शिक्षा विकासको अनिवार्य पूर्वाधार हो। राष्ट्रका सम्पूर्ण भौगोलिक क्षेत्र, हरेक जातजाति, भाषाभाषी र संप्रदायका मानिसहरूको पहुँचमा शिक्षा पुऱ्याउँन अतिआवश्यक छ। जबसम्म शिक्षा सर्वव्यापी र सर्वसुलभ हुँदैन तबसम्म राष्ट्रको सर्वाङ्गिर्ण विकास सम्भव छैन।

राष्ट्रको विकास सरकार र समाजका सबै वर्ग एवं सरोकारवालाहरूको योगदानबाट मात्र सम्भव छ भन्ने तथ्यलाई स्वीकार गरिएको छ। समाजमा विध्यमान विभेद र  असमानतालाई निराकरण गर्न स्पष्ट नीतिको अभाव रहेसम्म मूलुकको चौतर्फी विकास संभव नहुने कुरा सर्वस्वीकार्य भैसकेको छ। यस सर्न्दभमा समाजका हरेक वर्गलाई समता, समानता  र न्यायका आधारभुत सिद्धान्तका आधारमा आर्थिक एवं सामाजिक विकासका हरेक क्षेत्रमा अग्रसर गराउन छुट्टै पहल गर्न जरुरी देखिएको छ  (शिक्षा विभाग, २०६३)।

वास्तवमा जबसम्म शिक्षाको पहुँच  सबै वर्ग समुदायसम्म पुर्‍याउन सकिँदैन तबसम्म शिक्षामा समानता र गुणस्तरीयता भन्ने कुरा कोरा नारा मात्र सावित हुन पुग्दछ। अतः सबै वर्गलाई शिक्षाको मुलधारमा समेट्न बिभिन्न छात्रवृत्ति तथा अन्य सहुलियतको व्यवस्था गर्नु महत्त्वपूर्ण कदम हुन जान्छ। यस्ता छात्रवृत्ति लगायतका सहुलियत दलित, जनजाति र आर्थिक विपन्नता तथा भौगोलिक विकटताले पछि परेका छात्रछात्राहरूमा लक्षित गरेको देखिन्छ   ।

नेपालले अन्तर्राष्ट्रिय समुदाय समक्ष "सबैका लागि शिक्षा" भन्ने प्रतिबद्धता सन् १९९० मा भएको जोम्टियन सम्मेलन र सन् २००० मा भएको डकार सम्मेलन मार्फत जनाइ सकेको छ। तथापि नेपाल शिक्षा विकासको दृष्टिकोणले धेरै पछाडी छ। गरिबी र चेतनाको अभावले अझै पनि बालबालिकाहरू शिक्षाबाट वञ्चित छन्। कतिपय: अभिभावकहरू कापी, कलम र पोशाकसमेत किन्न नसकेर छोराछोरीहरूलाई विद्यालय पठाउन हिच्किचाइरहेका छन्। विभिन्न आवधिक योजनाहरूले सबैलाई

शिक्षाको पहुँच निश्चित गर्न विभिन्न छात्रवृत्ति तथा अन्य सहुलियत कार्यक्रमहरू अघि सारिएको पाइन्छ । यस्ता कार्यक्रमहरूले कतिपय समस्याका अतिरिक्त साधन, स्रोत र प्रभावकारी व्यवस्थापनको अथावका कारण सिमान्तकृत तथा पिछडीएको वर्गको शिक्षामा सहभागितालाई उपलब्धिमूलक बनाउन नसकिएको अवस्था विद्यमान छ ।

शिक्षालाई रोजगारमूलक, सिपमूलक तथा उत्पादनमूलक बनाउन, विद्यालय शिक्षाका साथै उच्च शिक्षा एवं प्राविधिक शिक्षाको सन्तुलित रूपमा विस्तार गर्नु आवश्यक हुन्छ । विभिन्न कारणहरूले महिला, जनजाति एवं दलित समूदायको शिक्षाको अवसरहरूमा पहुँच सीमित भइरहेका महसुस गर्न सकिन्छ । अतः तिनीहरूको सहरूभागिता गराउन आवश्यक छ । यसका लागि यस अघि सञ्चालन गरिएका छात्रवृत्ति कार्यक्रमको वस्तुनिष्ठ समीक्षा तथा छात्रवृत्ति कार्यक्रमको लक्ष्य, उद्देश्य र परिभाषा जस्ता पक्षमा  व्यापक छलफल र बहस जरुरी देखिन्छ ।

छात्रवृत्ति भन्ने शब्द छात्र र वृत्ति दुई खण्डको संयोजनबाट बनेको छ । जसको अर्थ हरूुन्छ छात्रछात्रा वा विद्यार्थीहरूलाई दिईने बृत्ति वा रकम । बृहत नेपाली शब्दकोषकाअनुसार छात्रवृत्तिको अर्थ विद्यार्थीहरूलाई विद्या आर्जन गर्नका निमित्त दिईने सहयोग भनि उल्लेख गरेको पाईन्छ । यसर्थ समाजका हरेक पक्षलाई शिक्षाको समान तथा समतामूलक पहुँच दिन भईरहेका छात्रवृत्ति तथा अन्य आरक्षणयुक्त कार्यक्रमहरूको  समय सापेक्ष विश्लेषण गरी ती कार्यक्रम कार्यान्वयनमा समाजका सम्पूर्ण पक्षलाई सचेत गराउन एवं तिनीहरूलाई सक्रिय गराउने सहयोग भन्ने बुझिन्छ । यसबाट के बुझिन्छ भने छात्रवृत्ति भन्ने वित्तिकै शिक्षा आर्जनका लागि विद्यार्थीलाई दिईने सहयोग हो ।

छात्रवृत्ति मौद्रिक वा गैर मौद्रिक हुन सक्दछ । विद्यार्थीलाई प्रत्यक्षरूपमा तोकिएको रकम दिएमा त्यस्तो छात्रवृत्तिलाई मौद्रिक भन्न सकिन्छ भन्ने विद्यार्थीको निम्ति कुनै शिक्षालयमा पढ्न, बस्न, खान, वा शैक्षिक सामग्री सहयोग गर्नुलाई गैर मौद्रिक भन्न सकिन्छ । शिक्षामा प्रदान गरिने प्रत्यक्ष वा अप्रत्यक्ष लगानीको कुनै पक्षमा छात्रबृत्ति दिन सकिन्छ । अभिभावकलाई प्रोत्साहित गरी पढाईमा सहयोग गर्न सकिन्छ भन्ने त्यसलाई अप्रत्यक्ष छात्रवृत्ति भन्न सकिन्छ ।

नेपालको पौराणिक कालदेखि नै कुनै न कुनै रूपमा छात्रवृत्तिको व्यवस्था रहेको देखिन्छ । पौराणिक कालमा गुरुकुलमा बसेर निशुल्क शिक्षा लिने प्रचलन देखिन्छ भने लिच्छवी र मल्ल कालमा पनि विभिन्न गुठीहरू सञ्चालन गरी शिक्षार्थीहरूलाई भोजन तथा बसोबासको व्यवस्था गरेको पाईन्छ । बाइसे चौविसे राज्यकालमा पनि शिक्षाको प्रचलन र गुठीको व्यवस्था गरी शैक्षिक संस्था सञ्चालन गरेको देखिन्छ । त्यस्तो शैक्षिक संस्थामा विभिन्न सहुलीयत र निःशुल्क दिने गरेको पाईन्छ । शाहकालमा पृथ्वीनारायण शाहले संस्कृत र फारसी पढ्न नागरिकहरूलाई छात्रवृत्ति दिई भारत पठाइएको र सैनिकका टुहुरा छोराछोरीहरूलाई राज्यको तर्फबाट छात्रवृत्ति दिने गरेको  देखिन्छ । त्यसपछि संस्कृत   पाठशालाहरू शुल्क नलिइकन परोपकारीदानबाट सञ्चालन भएको पाईन्छ,  (पौडेल, २०५५) ।

शिक्षाको नियोजनकाल भनेपनि हुने राणाकालमा पनि संस्कृत शिक्षा गुठीहरूमा सञ्चालन भएको, वीर शमसेरले रानी पोखरी पाठशालाका १० उत्कृष्ठ विद्यार्थीहरूलाई छात्रवृत्ति दिई उच्च शिक्षाको लागि विदेश पठाएको, शिक्षाका लागि गेहेन्द्र शमसेर लगायतका पाँचजना जापान पठाएको, चन्द्र शमसेरले त्रि-चन्द्र कलेज र दरबार स्कुलमा पढ्ने जेहेन्दार विद्यार्थीको लागि रु. सातसय र तीनसयको कोष व्यवस्था गरी किताब र खाजाको व्यवस्था गरेका,उद्यम विकासको लागि तालिमका लागि गान्धी आश्रम पठाएको, मोहन शमसेरले आठजना महिलालाई भारतको मधुवनीमा  चर्खासम्बन्धी तालिममा पठाएको जस्ता शैक्षिक छात्रवृत्ति तथा सहयोगको उदाहरणहरू राणाकालमा पाउन सकिन्छ ।

२००७ सालपछि शिक्षा विकासका लागि विभिन्न आयोगहरू गठन भई शिक्षा क्षेत्रमा सुधारका सुझावहरू आएको पाईन्छ । यस्ता प्रत्येक आयोगहरूले छात्रवृत्तिको व्यवस्था हुनु पर्ने कुरामा जोड दिएको पाईन्छ । छात्रवृत्ति गरिबीको रेखा मुनी रहेका दलित, जनजाति र अल्पसंख्यक समूदायमा बढी हुनु पर्ने ती प्रतिवेदनको सुझाव छ । वि.स.१०१३ सालदेखि सुरू भएका आवधिक योजनाहरूमा शिक्षा मन्त्रालय अन्तर्गत विभिन्न छात्रवृत्तिको व्यवस्था गरेको पाईन्छ । विभिन्न सम्बन्द्ध नीति तथा कार्यक्रमहरूमा पनि कुनै न कुनै रूपमा छात्रवृत्तिको कुरा उल्लेख गरेको पाईन्छ । विभिन्न परियोजना लागू भएपछि विशेष गरि प्राथमिक तहमा छात्रवृत्तिमा व्यपक रूपमा बृद्धि र विस्तार भएको पाईन्छ ।

नेपालमा पिछडिएको जाति, वर्ग, समूदाय र जेहेन्दार विद्यार्थीहरूका लागि कुनै न कुनै रूपमा छात्रवृत्ति वा निःशुल्क अध्ययनको व्यवस्था गर्ने नीतिगत व्यवस्था २००८ सालदेखि शुरुवात भएको पाईन्छ। योजनाबद्ध विकासको शुरुवात २०१३ सालमा भए यता प्रत्येक योजनामा शिक्षासँग सम्बद्ध नीति कार्यक्रममा शैक्षिकबृत्ति तथा सहुलियतको व्यवस्था हुने गरेको पाईन्छ। प्रथम पञ्च वर्षीय योजना (२०१३/१४- २०१७/१८) मा केन्द्रीय पुस्तकालय र केन्द्रीय छात्रावासको स्थापना हुनुका साथै वन, कृर्षि, ग्रामिण विकास, स्वास्थ्य, इन्जिनियरिङ, गृहविज्ञान, शिक्षा, घरेलु उद्योग जस्ता विषयमा तालिम सहुलियत दिएको पाईन्छ। दोस्रो त्रि-वर्षीय योजनामा विद्यालय विस्तारलाई बढी प्राथमिकता दिएको पाईन्छ। तेस्रो पञ्चवर्षीय योजनामा शिक्षक तालिमका लागि सहुलियत दिइए पनि प्रत्यक्ष छात्रवृत्तिको व्यवस्था गरेको पाइँदैन। चौथो योजनामा कक्षा-५ पढेका विद्यार्थीलाई स्कुल वा तालिम केन्द्रमा सम्मिलित गराउन योग्यताका आधारमा छात्रवृत्ति दिई हिमाली क्षेत्रमा शिक्षक उपलव्ध गराउने उल्लेख थियो। उक्त योजनामा ३० वटा छात्रावास बनाउन ५०% अनुदानको व्यवस्था गरेको पाईन्छ। पाँचौ योजनाले प्राथमिक तहलाई निःशुल्क गरेको पाईन्छ। जेहेन्दार गरिब विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्ने, दुर्गम क्षेत्र तथा पिछडिएका वर्गका लागि छात्रवृत्ति, लाटा, बहिरूरा, अन्धा, अन्य किसिमका अपाङ्गहरूका लागि भौतिक सुविधा र उपकरण उपलव्ध गराउने कार्यक्रम रहेको पाईन्छ। छैंठौ योजनाको नीतिमा शैक्षिक दृष्टिकोणले पछि परेका क्षेत्र तथा महिला वर्गहरूमा शिक्षाको अवसर प्रदान गर्न विशेष कार्यक्रमहरू सञ्चालन गरिने उल्लेख छ। जस अन्तर्गत गरिब तथा जेहेन्दार छात्रवृत्ति श्री ५ महरूेन्द्र रत्न छात्रवृत्ति, श्री ५ महेन्द्र छात्रवृत्ति, श्री ५ वीरेन्द्र, ऐश्वर्य छात्रवृत्ति, दुर्गम क्षेत्रका लागि छात्रवृत्ति आदि कार्यक्रम सञ्चालित थिए। सातौ योजना महिलाको शिक्षा विकासका निमित्त छात्रवृत्ति तथा छात्रबासको व्यवस्था गरिएको छ। आठौ योजना देखि आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागू गरी प्राथमिक तहमा छात्रवृत्ति विस्तार गरिएको पाईन्छ। साथै यस योजनले क्रमशः माध्यमिक तह निःशुल्क गर्दै लैजाने नीति लिइएको देखिन्छ। (अर्याल, निरौला र कोइराला २०६४)। नवौं योजनामा छात्रवृत्ति कार्यक्रमलाई ६५ जिल्लामा कोटाका आधारमा छात्रवृत्तिलाई छात्रवृत्ति र १० दुर्गम जिल्लामा प्रा.वि. छात्रवृत्ति १,६२, ४०४ स्थानीय छात्रवृत्ति ५८०४१ क्याम्पस छात्रवृत्ति २३७६ अपग्रेडिङ छात्रवृत्ति १८०४ जनालाई उपलव्ध गराइएको थियो। कक्षा- १ देखि ५ सम्म रु.२५ दरले १० महिनासम्म उपलव्ध गराउने कार्यक्रम रहेको दिवा खाजा कार्यक्रम १२ जिल्लामा सञ्चालन गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको पाईन्छ। दशौं पञ्चवर्षीय योजनामा गरिबीको रेखामुनि परेका दलित

पिछडिएका जनजाति महिला तथा अपाङ्गहरूलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिने निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले समेत लक्षित वर्गका कम्तिमा ५% छात्रवृत्ति उपलव्ध गराउनु पर्ने नीतिगत व्यवस्था गरेको पाईन्छ। यस अघिका योजनाले शुरुवात गरेका छात्रवृत्ति कार्यक्रमहरूले समेत निरन्तरता पाएको देखिन्छ। त्रि वर्षीय अन्तरिम योजना (२०६४/६५ - २०६६/६७ मा आधारभुत शिक्षा अन्तर्गत १-८ संरचना लागू गर्ने दलित परिवारका ७९०००० बाबालिकालाई वार्षिक रूपमा छात्रवृत्ति दिने ३१८०००० छात्रालाई छात्रवृत्ति दिने कर्णाली अञ्चलका सामुदायिक प्रा.वि.मा अध्ययनरत सम्पूर्ण छात्राका लागि मासिक रु १०० का दरले १० महिनाका लागि छात्रवृत्ति दिने ४४००००० विद्यार्थीका लागि विद्यालय सुधार योजनाका आधारमा तराईमा रु २७५, पहाडमा रु३०० र हिमाली क्षेत्रमा रु ३२५ का दरले अनुदान दिने कर्णालीका लागि ५, सहित २६ जिल्लामा १६८०००० विद्यार्थीका लागि दिवा खाजा तथा खाने तेल वितरण वितरण ३२४०० अपाङ्ग विद्यार्थीका लागि छात्रवृत्ति दिने नीति रहेको उल्लेख छ। माध्यमिक तहमा १८०००० छात्रालाई प्रतिवर्ष रु. १७०० का दरले, १४२८२ छात्रालाई मासिक १५० का दरले १० महिनासम्म छात्रवृत्ति दिने दलितलाई निःशुल्क पढ्ने व्यवस्थाका लागि विद्यालयलाई प्रत्येक विद्यार्थीलाई छात्रवृत्ति दिईने व्यवस्था पाईन्छ। महिला, दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्ग, गरिब, बृद्ध, विस्तापित र पछाडि पारिएका वर्ग तथा विस्थापितहरूबाट १२०० जनालाई प्राविधिक शिक्षामा छात्रवृत्ति दिने व्यवस्था गरेको छ,(अर्याल निरौला र कोईराला २०६४)।

शिक्षा नियमावली २०५९ मा निम्नानुसारको कानुनी व्यवस्था रहेको पाइन्छ। विद्यालयको प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीहरूलाई क्रमशः शतप्रतिसत र पचास प्रतिसत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलव्ध गराउनु पर्ने व्यवस्था रहेको छ। संस्थागत विद्यालयले कूल विद्यार्थी संख्याको दश प्रतिसत गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने व्यवस्था रहेका छ। छात्रवृत्ति उपलव्ध गराउनु अघि विद्यालयले त्यस्तो छात्रवृत्तिका लागि निवेदन दिने विद्यालयमा सूचना प्रकाशन गर्नुपर्ने छ। सामुदायिक विद्यालयले गरिबीको रेखामुनी रहेका दलित, जनजाति र महिरूला लगायत अन्य विद्यार्थीहरूलाई निशुल्क शिक्षाको व्यवस्था गर्नु पर्ने छ। नेपाल सरकारले वार्षिक कार्यक्रम अन्तर्गत ल्याउने छात्रवृत्ति कार्यक्रमको नामाकरण भने परिवर्तन गर्ने गरेको समेत पाईन्छ। हरूाल नेपालमा सरकारी तबरबाट वितरित छात्रवृत्ति मुख्य रूपले निम्नानुसार उल्लेख गर्न सकिन्छ।

दलित छात्रबृत्ति :- कक्षा - १ - १० मा अध्ययनरत सबै दलित विद्यार्थीहरूलाई वार्षिक रु.५००।- का दरले प्रदान गर्ने छात्रवृत्ति, ५०% छात्रा छात्रवृत्ति :- कक्षा १-८ मा अध्ययनरत छात्रामध्ये दलित बाहेकका ५० प्रतिशत छात्राहरूलाई वार्षिक रूपमा विद्यालय व्यवस्थापनको निर्णय अनुसार वितरण गर्ने छात्रवृत्ति, अपाङ्ग विद्यार्थीहरूका लागि छात्रवृत्ति कक्षा १-८ मा अध्ययनरत अपाङ्गहरूको श्रेणी निर्धारण गरी वार्षिक रूपमा छात्रवृत्ति प्रदान गर्ने, छात्रवृत्ति  श्रेणी रु.१३०००, श्रेणी रु.५०००, श्रेणी रु.३०००, श्रेणी रु.५००।- दिने गरिएको सीमान्तकृत समुहका विद्यार्थीहरूलाई वार्षिक रूपमा वितरण गर्ने छात्रवृत्ति, लक्षित वर्ग छात्रवृत्ति, कक्षा-६-१० मा अध्ययनरत विद्यार्थीलाई कोटाका आधारमा वार्षिक रूपमा रु.१७०० का दरले वितरण गर्ने छात्रवृत्ति, माध्यमिक शिक्षा छात्रवृत्ति :- कक्षा-६-१० मा अध्ययनरत विद्यार्थीलाई कोटाका आधारमा वार्षिक रूपमा रु १७००।-का दरले वितरण गर्ने छात्रवृत्ति, स्थानीय छात्रा छात्रवृत्ति कार्यक्रम, प्राथमिक शिक्षा पछि विद्यालय शिक्षामा निरन्तरता दिन तथा आर्थिक कारणले बिचैमा विद्यालय छोड्ने दरलाई कम गर्ने अभिप्रायले कोटाका आधारमा नि.मा.वि. र मा.वि.तहरूमा वितरित छात्रवृत्ति र सहिदका छोराछोरीका लागि छात्रवृत्ति यस कार्यक्रमले सहिदका छोराछोरीलाई पूर्व प्राथमिक देखि उच्च शिक्षासम्मको निशुल्क शिक्षा उपलब्ध गराउने व्यवस्था छ ।

यसरी हालसम्मको इतिहास हेर्दा विद्यालय तहमा छात्रवृत्ति कार्यक्रमहरू विविध स्वरूपमा सञ्चालन भएपनि कार्यक्रमले जुन तह र समुदायलाई समेट्न सक्नु पर्ने हो त्यही रूपमा समेट्न नसकेको गुनासो सुनिएको सन्दर्भमा वर्तमान छात्रबृति कार्यक्रमले समाजमा के कस्ता प्रभाव पारेको छ । छात्रवृत्तिबाट समाजले प्राप्त गरेका लाभहरूको लेखाजोखा गर्न विद्यालय  छात्रवृत्ति कार्यक्रमको सामाजिक उपादेयता सोध कार्य गर्ने जमर्को गरिएको छ ।

## १.२ समस्याको कथन

समाज र राष्ट्रको मेरुदण्डको रूपमा शिक्षा स्थापित भैसकेको यस युगमा अझैं पनि कतिपय बाबालिकाहरू शिक्षाको अवसरबाट बञ्चित छन् । विद्यालय गएकाहरूको उपलब्धी सन्तोषजनक देखिँदैन साथै उपलब्धीको स्तर समेतमा ठूलो भिन्नता देखिन्छ । समाजका सम्पन्न र बिपन्न बाबालिकाहरूका लागि शिक्षाका निकाय र अवसर पनि फरक फरक हुँदै गएको छ ।  यसलाई कम गर्न

र समाजका हरेक वर्ग, लिङ्ग, जातजातिका बाबालिकालाई शिक्षाको समान अवसर सृजना गर्न करोडौं रकमको छात्रवृत्ति कार्यक्रमहरू सञ्चालित छन् । यस्ता कार्यक्रमहरूले समेत सामाजिक न्याय स्थापित गर्न नसकेको गुनासो उठिरहेको छ ।
विद्यालय तहमा दिईने छात्रवृत्तिहरूको वितरण गर्ने आधारहरूका सम्वन्धमा समेत प्रस्नहरू उठ्ने गरेका छन् । छात्रवृत्ति वितरण प्रक्रिया पारदर्शी हुन् नसकेको, वास्तविक विपन्न वर्गसम्म छात्रवृत्ति रकम नपुगेको, छात्रवृत्ति रकम सदुपयोग नभएको गुनासोहरू सुनिने गरेका छन् । यस्ता गुनासोहरूलाई मध्यनजर गर्दै विद्यालयमा वितरण गरिने छात्रवृत्ति कार्यक्रमको समाजिक उपयोगिताका वारेमा समाजका व्यक्तिहरूका धारणाहरू र दृष्टिकोणहरू संकलन गरी विश्लेषण गर्ने उद्देश्यले विद्यालय छात्रवृत्ति कार्यक्रमको सामाजिक उपादेयता एक अध्ययन  शोध शीर्षक चयन गरिएको छ ।

## १.३. अध्ययनको औचित्य

कुनै पनि देशका बाबालिकाहरूले शिक्षा प्राप्त गर्न पाउनु मानवीय नैसर्गिक अधिकार हो, यसै कुरालाई सन् १९४८ डिसेम्बरमा संयुक्त राष्ट्रसंघले मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्रमा पारित गरेको थियो ।  कुनै पनि देशले आफ्नो देशका सवै वर्ग, लिङ्ग र जातजातिका बाबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नु राज्यको प्रमुख दायित्व हो । यसै कुरालाई मनन गर्दै विद्यालय जाने उमेरका सबै बाबालिकाहरूलाई विद्यालय शिक्षाको पहुँचमा ल्याउने प्रयासहरू भईरहेको पाईन्छ । विभिन्न किसिमका छात्रवृत्ति कार्यक्रम यस्तै प्रयासहरूमध्ये एक हुन् । यस्तो छात्रवृत्ति कार्यक्रमले आ-आफ्नै विशेष उद्देश्य पनि राखेको हुन्छ । तिनको वितरण प्रक्रिया र वितरणका आधारहरू पनि तय गरिएका हुन्छन् । ती छात्रवृत्ति कार्यक्रमले राखेका उद्देश्य र भावनाअनुसार त्यस्ता छात्रवृत्तिहरू वितरण गरिनु पर्दछ । तव मात्र छात्रवृत्ति सही रूपमा लक्षित वर्ग र सामूदायका छात्रछात्रामा पुगी राखिएका लक्ष्य र उद्देश्य हाँसिल गर्न सहयोग पुग्न गई सामाजिक लाभ प्राप्त हुन्छ ।

शिक्षा समाज विकासको एक सशक्त माध्यम हो । शिक्षा समाजभन्दा टाढा जान सक्दैन । शिक्षाले समाजको हरेक पक्षमा सुधार गर्न सहयोग गरेको हुन्छ । इमाइल दुर्खिमका अनुसार ‘शिक्षाले समाजका आवश्यकता पूर्ति गर्दछ । सामाजिक विकासमा योगदान पुऱ्याउँदछ र सामाजिक परिवेशले शिक्षाको निर्धारण गर्दछ । जोन डिवेले विद्यालयलाई सानो समाजको रूपमा व्याख्या गरेका छन् । तसर्थ शिक्षाका

लक्ष्य र उद्देश्य निर्धारण गर्न र ती लक्ष्य उद्देश्य पूरा गर्न समाजको आवश्यकता पर्दछ। समाजका हरेक क्षेत्रमा संलग्न व्यक्तिहरूको सक्रिय सहयोग र सहभागितामा मात्र शिक्षाले समाजको उन्नति गर्न र सामाजिक न्याय दिलाउन सक्दछ। शिक्षा कार्यक्रमका हरेका पक्षमा समाजका व्यक्तिहरू , प्राध्यापक ,अभिभावक, शिक्षक, अधिकारकर्मी, प्रशासक, व्यवस्थापक र समाजसेवी राजनीतिज्ञहरूको दृष्टिकोण र भावनाहरू समेटिनु पर्दछ  साथै हरेक शैक्षिक कार्यक्रमले समाजलाई सामाजिक लाभहरू दिन सक्नु पर्दछ।

विद्यालय तहरूमा वितरण गरिने छात्रवृत्ति कार्यक्रमले समाज, परिवार र व्यक्तिहरूलाई के कसरी र कति सहयोग र लाभहरू दिन सक्दछ ? समाजका व्यक्तिहरूको सोचाई , अवधारणा र  दृष्टिकोण कस्तो छ। छात्रवृत्तिले शैक्षिक गुणस्तरमा के कस्तो प्रभाव पार्दछ ? कस्ता वर्ग र पक्षमा छात्रवृत्ति दिईनु पर्दछ ? लक्षित वर्गसम्म छात्रवृत्तिको प्रभाव पुऱ्याउन के कस्ता आधारहरू हुन् सक्दछन ? जस्ता प्रश्नको निपण गर्न यो अध्ययन महरूत्वपूर्ण हुनेछ भन्ने विश्वास गर्न सकिन्छ। अध्ययनले समाजका व्यक्तिहरूको राय धारणा बुझ्नका साथै तिनीहरूलाई शैक्षिक छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन गर्न र वितरण प्रक्रियामा आवश्यक सुधार गर्न  सघाउने छ। साथै अध्ययनबाट प्राप्त सुझावहरू छात्रवृत्ति कार्यक्रम तयार, परिमार्जन गर्न योजनाकारहरूलाई रचनात्मक कार्य गर्न सहयोग मिल्ने छ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनका प्रमुख उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

क) विद्यालय छात्रवृत्ति कार्यक्रमको सामाजिक उपादेयताको लेखाजोजा गर्नु।

ख) छात्रवृत्ति वितरणका आधारहरूको विश्लेषण गर्नु।

ग) छात्रवृत्ति कार्यक्रमका समस्याहरू पहिचान गर्नु ।

घ) छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउन सुझावहरू दिनु।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

क) के समाज परिवार र व्यक्तिहरू  विद्यालय छात्रबृत्ति कार्यक्रमबाट लाभान्वित छन् ?

ख)छात्रवृत्ति कार्यक्रमबाट प्राप्त हुने लाभहरू के के हुन् सक्दछन् ?

(ग) छात्रवृत्ति लक्षित वर्गसम्म पुगेको छ ?

(घ) छात्रवृत्ति वितरणका आधारहरू सही छन् ?

ङ) के छात्रवृत्तिको रकमप्रति अभिभावकहरू सन्तुष्ट छन् ?

च) छात्रवृत्ति उपयुक्त समयमा वितरण गरिएको छ ?

छ) छात्रवृत्ति कसरी वितरण गरिनु पर्दछ ?

ज) छात्रवृत्तिका लागि लक्षित वर्ग कुन कुन हुन् सक्दछन् ?

## १.६. अध्ययनको परिसीमा

साधन र स्रोतको सिमितताका कारण यस अध्ययनलाई तेह्रथुम जिल्ला म्याङलुङ्ग स्रोतकेन्द्रमा सिमित गरिएको छ । समाजका व्यक्तिहरू शैक्षिक प्रशासक तथा निरीक्षक, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको, विद्यालय तहमा दिईने छात्रवृत्तिको समाजिक दृष्टिकोण, छात्रबृत्ति कार्यक्रमका सामाजिक लाभहरू, छात्रवृत्ति वितरणका आधार, समस्या र समाधानका उपायहरूमा अध्ययन केन्द्रित रहेको छ । अध्ययनको निस्कर्षले राष्ट्रको प्रतिनिधित्व गर्न सक्ने छैन । यसलाई सिमित मात्रामा सामान्यीकरण गर्न सकिने छ । अध्ययन विद्यालय तहमा वितरण गरिने छात्रवृत्ति कार्यक्रममा केन्द्रित रहेको छ ।

## १.७. शब्दहरूको परिभाषा

यस अध्ययन प्रतिवेदन भित्र समावेश निम्न शब्दले अध्ययनमा निम्न अर्थ राख्दछ ।

(१) छात्रवृत्ति :- विद्यार्थीलाई विद्या आर्जन गर्न दिईने जीविकाको साधन ।

(२) विद्यालय तह :- पुर्व प्राथमिक तह देखि कक्षा १२ सम्मको शिक्षा दिने निकाय ।

(३) सामूदायिक विद्यालय :–नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी स्वीकृत विद्यालय

(४) अभिभावक :- विद्यार्थीको बाबु ,आमा, दाजु ,दिदी, संरक्षक वा पठन पाठनको व्यवस्था मिलाउने व्यक्ति

(५) संस्थागत विद्यालय :- नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी स्वीकृत विद्यालय

(६) मन्त्रालय :- शिक्षा तथा खेलकुद मन्त्रालय

(७) ऐन :-शिक्षा ऐन २०२८

(८) नियमावली :-शिक्षा नियमावली २०५९

(९) कार्यालय :- जिल्ला शिक्षा कार्यालय

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

रावत (२०५८) ले तयार पार्नु भएको प्राथमिक तहमा छात्रा छात्रवृत्ति प्रभावकारिता एक अध्ययनका अनुसार प्राथमिक तहमा छात्रा छात्रवृत्तिले छात्र सङ्ख्या बृद्धि भएको कक्षा छोड्ने र दोहोऱ्याउने दर कम भएको आर्थिक कठिनाईले गर्दा विद्यालय पढ्न नसकिरहेका बालिकाहरूलाई विद्यालयसम्म पुग्न प्रोत्साहन मिलेको उल्लेख छ । सल्यान जिल्लाका पाँचवटा विद्यालयमा गरिएको  उक्त अध्ययनमा अभिभावकहरू अशिक्षित भएको हुँदा छात्रबृद्धि सम्बन्धी चेतना र उत्प्रेरणाको कमी र आर्थिक कठिनाई झेल्नु परेको निष्कर्ष निकालीएको छ । छात्रवृत्ति वितरणमा देखिएका समस्यालाई समाधान गर्न विद्यार्थी सङ्ख्याको आधारमा कोटा निधारर्ण गर्नु पर्ने, छात्रवृत्ति बितरण गर्न जिल्ला शिक्षा कार्यालयको प्रतिनिधि तथा अभिभावकहरूको भेला गराएर बितरण गरिनु पर्ने र छात्रवृत्ति पाउनुको औचित्य बारेमा प्रचार प्रसार गरिनु पर्ने सुझावहरू प्रस्तुत छन् (रावत २०५८ )।

सेरिड परियोजनाले (२०६०) मा पर्सा, खोटाङ, कपिलबस्तु , नवलपरासी र दार्जुला जिल्लामा आधरित भई शैक्षिक सहुलियतको प्रभावकारिता सम्बन्धमा तयार पारेको प्रतिवेदनका अनुसार शैक्षिक सहुलियत कार्यक्रमले विपन्न वर्गलाई केही मात्रामा राहत पुगेको, निरक्षरता उन्मुलन गर्न महत्त्वपूर्ण सहयोग पुगेको भए पनि शैक्षिक सहुलियत व्यवस्थापन र वितरणमा व्यवस्थापन समिति सक्रिय सहभागी नभएको, शैक्षिक सहुलियतबारे विद्यालय व्यवस्थापन समिति आफ्नो दायित्वप्रति अनभिज्ञ रहेको कपिलबस्तु जिल्लामा शैक्षिक सहुलियत रकमको दुपयोग भएको, कार्यक्रमहरूको नियमित अनुगमन तथा रेखदेखको संयन्त्र केन्द्र देखि गाँउस्तरसम्म व्यवस्थित र पारदर्शी नभएको कुरा अध्ययनमा प्रस्तुत गरिएको छ । त्यसै गरी छात्रवृत्ति वितरण सम्बन्धमा उमेर पक्षलाई बेवास्ता गरिएको छात्रवृत्ति कोटा पर्याप्त नभएको विद्यालयमा प्राप्त रकम सवै विद्यार्थीलाई दामासाहीले वितरण गरिएको र छात्रवृत्ति वितरणमा बिद्यार्थीको नियमित उपस्थितिको ख्याल नगरिएको पाईयो । उक्त समस्याहरूलाई निराकण र न्यूनीकरण गर्न व्यवस्थापन समितिलाई सक्रिय बनाउनु पर्ने, छात्रवृत्ति दुई किस्तामा बितरण गर्नु पर्ने, गैर सरकारी संस्थाहरूबाट प्राप्त हुने शैक्षिक सहुलियत तथा छात्रवृत्तिलाई प्रभावकारी बनाउन जिल्ला स्तरीय सयंन्त्रको निर्माण गर्नु पर्ने, अनुगमन तथा मूल्याङ्कन कार्यक्रमलाई व्यवस्थित गर्नुपर्ने आदि सुझावहरू दिइएका छन् , ( सेरिड २०६०) ।

पाण्डे ( २०६१) ले शिक्षाको क्षेत्रको व्यवस्थापन बिकेन्द्रीकरणको अवस्था शीर्षकको लेखमा शिक्षा ऐन २०२८ को आठौं संसोधनले शिक्षा बिकेन्द्रीकरणको अवस्थालाई गतिशील बनाएको कुरा उल्लेख छ। उक्त लेखका अनुसार विद्यालय शिक्षाका सरोकारवालाहरूको सहभागिता, सक्रियता, सामुहिक भावनाबाट प्रेरित, उत्प्रेरीत, जवाफदेहिता र जिम्मेवारीपूर्ण हुने गरी विद्यालय स्तरमा विद्यालय व्यवस्थापन समिति, गाँउ शिक्षा समितिलाई प्राज्ञिक समिति र जिल्ला शिक्षा समितिलाई प्राज्ञिक व्यवसायिक र जवाफदेही बनाउने दृष्टिकोणले गठन गर्ने प्रावधान राखेको व्यहोरा उल्लेख छ। विद्यालय शिक्षालाई समुदाय केन्द्रित बनाउने प्रयोजनको लागि सरकारले सामुदायिक विद्यालयहरूलाई दिने अनुदानको निकासा सम्बन्धित गाँउ विकास समिति वा नगरपालिकालाई दिनु पर्ने र गाँउ विकास समिति वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयलाई त्यस्तो अनुदान उपलव्ध गराउने व्यवस्था कार्यान्वयन हुनु पर्ने उल्लेख छ ( पाण्डे २०६१)।

पाण्डे २०६३ ले तयार पार्नु भएको वाग्लुङ जिल्लामा प्राथमिक तहको छात्रवृत्तिले विद्यार्थी नियमितता र शैक्षिक उपलब्धिमा पारेको प्रभाव : एक अध्ययन विषयको शोधका अनुसार चालिस प्रतिशत विद्यालयहरूमा शिक्षकले मात्र अनुमानको भरमा विद्यार्थीहरू छात्रवृत्तिको लागि छनौट गर्ने गरेको , नयाँ भर्ना भएका विद्यार्थीहरूले कम प्राथमिकता पाएको, गरिब र विपन्न परिवारका विद्यार्थीहरू पहिचान गरी त्यसको तथ्यगत रूपमा पहिचान नगरी अनुमानको भरमा छात्रवृत्ति वितरण गरेको, विद्यार्थीको शैक्षिक उपलव्धिमा सुधार भएको, विद्यार्थी नियमितता सुधार आएको निष्कर्ष निकालिएको थियो। प्रतिवेदनले छात्रवृत्ति बितरण गर्दा केन्द्रिय नीति निर्देशन अनुसार गर्नु पर्ने, विद्यालयले छात्रवृत्ति बितरण गर्दा अनिवार्य रूपले व्यवस्थापन समितिबाट निर्णय गराई अभिभावक भेला गरी बितरण गरिनु पर्ने, छात्रवृत्तिको अनुगमन र नियन्त्रणका लागि जिल्लादेखि गाँउस्तरसम्म सरकोरवाला समेतको संयन्त्र बनाई सन्चालन गर्नु पर्ने, नियमित रूपमा विद्यालयमा पठाउने र उच्च शैक्षिक उपलव्धी हाँसिल गर्ने विद्यार्थीका अभिभावकलाई समेत पुरस्कृत गर्ने व्यवस्था गर्नु पर्ने, छात्रवृत्ति बितरण गर्दा विद्यार्थी संङ्ख्याका आधारमा गरिनु पर्ने, छात्रवृत्तिले आर्थिक रूपले पिछाडिएका वर्गलाई प्राथमिकता दिनु पर्ने , अभिभावकलाई विद्यालय प्रति आकर्षित गर्न छात्रवृत्ति रकमलाई शैक्षिक सत्रको शुरु र विचमा गरि दुई किस्तामा वितरण गरिनु पर्ने जस्ता सुझावहरू दिइएको पाईन्छ, (पाण्डे २०६३)।

कार्की (२०६५ ) ले तयार पार्नु भएको झापा जिल्ला पृथ्वीनगर स्रोत केन्द्रका सामुदायिक विद्यालयमा पचास प्रतिसत छात्रा छात्रवृत्तिले खुद भर्नादरमा पारेको प्रभाव बिषयको शोधपत्रका अनुसार विद्यालयमा पैसा पाइन्छ भने पछि समयमा विद्यालय भर्ना भएको, बालिकाहरूको औसत उपलब्धी र हाजिरीमा सुधार भएको, सबैका लागि शिक्षा कार्यक्रको साझा लक्ष्य प्राप्तिका सहयोग भएको पाइयो । उक्त अध्ययनका आधारमा विद्यालयमा आएको छात्रवृत्ति रकम समयमा वितरण गरिनु पर्ने, लैङ्गीक विभेदीकरण अन्त्यको निम्ति सबैमा वरावरी व्यवहार गरिनु पर्ने, अभिभावकले छात्राबृत्तिको रकम सदुपयोग गरे नगरेको निरीक्षण गर्ने व्यवस्था हुनु पर्ने, छात्रवृत्तिको रकम सदुपयोग गर्न अभिभावकलाई सचेत गराउनु पर्ने, विद्यालयमा निरन्तर हाजिरी, उपलब्धि स्तर र अनुशासनका आधारमा छात्रवृत्ति प्रदान गरिनु पर्ने आदि सुझाव दिएको पाईन्छ, (कार्की २०६५) ।

बलाईर (२०६४) ले लेख्नु भएको शैक्षिक बिकासमा सहभागितात्मक अनुगमन शीर्षकको लेखका अनुसार  सहभागितात्मक अनुगमन एक प्राज्ञिक सहयोग हो । यस्तो किसिमको अनुगमन प्रणालीमा विद्यालय भित्रका र समुदायका मानव जनशक्तिलाई सहभागी गराउने गरिन्छ जसमा विद्यार्थी शिक्षक, अभिभावक, पेशासँग सम्बन्धित समाजका बृद्धिजीविहरूको संयुत्त रूपमा सन्जाल निर्माण गरिन्छ र विद्यालय गतिबिधिहरूको अनुगमन गरिन्छ । उनका अनुसार विद्यालयको गतिविधिहरूमा विद्यालय र समुदायको संयुक्त सहभागितामा अनुगमन गर्ने सरोकारवालाहरूले आफ्नो कार्यको स्वःमूल्याङ्कन गर्न सहभागिता र समूह कार्यमा विश्वास गर्ने जस्ता पक्षमा ध्यान पुऱ्याउनु पर्दछ (बलाईर २०६४) ।

रावत (२०६२) ले तयार गर्नु भएको प्राथमिक विद्यालय तहमा वितरित दलित छात्रवृत्ति प्रभावकारिता शीर्षकको शोध पत्रका अनुसार दलित छात्रवृत्ति सम्बन्धमा सरोकारवालाहरू र लक्षित समूहको सकारात्मक दृष्ट्रिकोण रहेको पाईयो । दलित छात्रवृत्तिले पढ्नुपर्छ भन्ने सन्देश दिएको, गरिबलाई सहयोग गर्नु सकारात्मक रहेको, दलित वालबालिकाहरूको मनोवल बढाएको, बालबालिकालाई विद्यालयप्रति आकर्षण बढाएको, अभिभावकलाई आफ्ना छोरा छोरीलाई पढाउनु पर्दछ भन्ने सन्देश सहित चेतना बढाएको, समानताको भावना विकास गर्न सहयोग पुऱ्याएको उललेख छ ।  दैलेख जिल्लाको नारायण स्रोतकेन्द्रमा गरिएको उक्त अध्ययनले दिएका सुझावहरूमा दलित छात्रवृत्ति  कोटा निधारण गर्दा वास्तविक तथ्याङ्कको आधारमा गरिनु पर्ने, विद्यायलले सरोकारवालाहरूको सहभागितामा

स्पष्ट शैक्षिक उन्नयनका आधारहरू तयगरी छात्रवृत्ति वितरण गर्नु पर्ने, छात्रवृत्ति वितरण गर्दा शैक्षिक सत्रको प्रारम्भमा औपचारिक समारोहको आयोजना गरि सबै सरोकारवालाहरूको उपस्थितिमा पारदर्शी ढंगबाट गरिनुपर्ने, छात्रवृत्ति रकम वार्षिक शैक्षिक कृयाकलापसँग सम्वन्धित न्यूनतम सामग्रीहरू किन्न पुग्ने गरी वितरणको व्यवस्था गर्नु पर्ने, छात्रवृत्ति विबरणमा विद्यालयलाई पारदर्शी र जिम्मेवार वनाउनुपर्ने, छात्रवृत्ति रकमको सदुपयोग गराउन सम्वन्धित अभिभावकलाई सचेत बनाउनु पर्ने, बालबालिकालाई शिक्षक र अभिभावकको रोहवरमा आवश्यक सामग्री खरिद गराउनु पर्ने तथा दलित छात्रवृत्तिलाई गैर दलित समेतले पाउने गरी विद्यार्थीबृत्ति नामाकरण गरी विशिष्ट आधारमा वितरणको व्यवस्था मिलाउनु पर्ने आदि रहेका छन्  (रावत (२०६२)।

नेपाल विगत देखि नै छात्रवृत्ति अस्तित्वमा रहेको छ । शैक्षिक तथ्याङ्कले कम सहभागिता देखाएका महिला, अपाङ्ग, दलित र पिछडिएका वर्गको शिक्षामा पहुँच बृद्धि गर्न छात्रवृत्ति कार्यक्रमहरू तिनै वर्गमा केन्द्रित गरिएको पाईन्छ । शान्ति सम्झौता पछि द्वन्द्व प्रभावित व्यक्ति र परिवारका बाबालिकाहरूमा समेत छात्रवृत्ति कार्यक्रमले जोड दिएको पाईन्छ ।

नेपाल सरकारले वार्षिक कार्यक्रम अन्तरगत ल्याउने छात्रवृत्ति कार्यक्रमको नामाकरण भने परिवर्तन गर्ने गरेको समेत पाईन्छ । हाल नेपालमा सरकारी तवरबाट वितरित छात्रवृत्ति मुख्य रूपले निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

उपरोक्त कार्यक्रमका अतिरिक्त दुर्गम जिल्लाका विपन्न परिवारलाई छात्रावासको व्यवस्था , दिवा खाजा कार्यक्रम , खाने तेल  वितरण जस्ता सहुलियत र निशुल्क पाठ्यपुस्तक वितरण कार्यक्रम सञ्चालन गरिएको पाईन्छ । गैर सरकारी तथा निजी विद्यालयहरूमा समेत विभिन्न प्रकारका छात्रवृत्तिहरूको व्यवस्था देखिन्छ

## २.२ सैद्धान्तिक  खाका

अध्ययनबाट प्राप्त जानकारी र तथ्य तथ्याङ्गलाई विश्लेषण गर्ने निम्न सिद्धान्तको वैचारिक खाकालाई उपयोग गरिएको छ ।

मास्लो  (१९४३) का अनुसार मानिसरुको आवश्यकता श्रृखलाबाट अभिप्रेरित हुन्छ । उनका अनुसार जब कुनै ब्यक्ति लाई कुनै कुराको आवश्यकता पुर्तितिर लागेको पाईन्छ । त्यसैले मानिलाई कृयाशील र सक्रिय बनाउनको लागि उत्प्रेरित गर्नु पर्छ । मानिसमा प्रशस्त इच्छा आवश्यकता र चाहाना हुन्छन् त्यसको परिपुर्ति पश्चात अन्य इच्छा आवश्यकता चाहाना थप भइरहन्छ । मानिसमा कुनै चाहना पूरा हुन सक्छन् तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन जुन प्राप्तिका लागि मानिस उत्प्रेरित हुने गर्दछ मानिसको अप्राप्त चाहाना पनि अनगिन्ति हुन्छन् जसलाई एक निश्चित  क्रमबद्धताको आधारमा छुट्याउन सकिन्छ । निम्न स्तरको आवश्यकता परिपुर्ति पछि प्राथमिकताको आधारमा उच्चस्तरका आवश्यकता परिर्पुतिको   लागि मानिस जागरित हुँदै जान्छ । उनले मानिसको आवश्यकतालाई शारीरिक आवश्यकता, सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमानको आवश्यकता, आत्मसन्तुष्टिको आवश्यकता गरी ५ भागमा विभाजन गरेका छन । शारिरीक आवश्यकतामा गाँस, वास, कपास र यौनको आवश्यकता पर्दछ । सुरक्षा आवश्यकतामा कामको सुरक्षा स्वास्थ्य उपचारको ब्यवस्था आदि पर्दछ ।

सामाजिक आवश्यकतामा सामाजिक संलग्नता तथा मान्यता बढाउने भित्रबाट ब्यवहार र सामाजिक समायोजन अपनत्व आदि पर्दछ । स्वभिमानको आवश्यकतामा स्वभिमान भाव सम्मान प्राप्त गर्ने । पहिचान र स्थानको खोजि आदि पर्दछ । आत्म सन्तुष्टिका आवश्यकतामा आत्मसन्तुष्टि आत्मगौरव आत्मारोध आदिको आवश्यकता पर्दछ (कोइराला र  श्रेष्ठ २०६४ बाट उद्दृत) ।

दुर्खिम (१८५८)का अनुसार शिक्षा एक सामाजिक बस्तु हो । शिक्षाले प्राप्त गरेका आर्दशहरू नै सामाजले आफ्ना आर्दशका रूपमा ग्रहण गर्दछ । शिक्षाले समाजको विकासमा निरन्तर योगदान गरिरहन्छ । समाजले शिक्षाका प्रकारहरू निर्धारण गर्दछन् ।  शिक्षाले सामाजिक आवश्याकताहरूलाई पुर्ति गर्दछ । शिक्षा समाजबाट अलग र समाज शिक्षाबाट अलग रहन सक्दैन । समाजका प्रत्येक साझा गुाणहरूले उनीहरूमा समानता ल्याउँछ र सामाजिक दायित्वको बोध हुन्छ । सामाजिक दायित्व शिक्षाले ग्रहण गर्दछ र यसलाई सामूहिक सस्थाको रूपमा विकसित गरिन्छ । यसरी शिक्षाले समाजका आवश्कता पूरा गर्दछ र सामाजिक विकासमा योगदान पुर्याउँदछ । शिक्षाका निकायहरूमा समाजका हरेक व्यक्तिको अपनत्व हुन आवश्यक हुन्छ । फ्रान्सका प्रसिद्ध समाजशास्त्री इमाइल दुर्खिमले आफ्नो

पुस्तक शिक्षा र समाजशास्त्र मा यस सिद्धान्तको बारेमा व्याख्या गरेका छन् (शर्मा, शर्मा २०६० बाट उदृत) ।

पाउलोफेरे (१९७० ) का अनुसार, शिक्षाले समूदायका उपेक्षित, उत्पीडितहरूको वकालत गर्नुपर्दछ । कुनै पनि राष्ट्रको विकासको लागि त्यस राष्ट्रमा बसोबास गर्ने सबै जातजाति र समूदायलाई शिक्षाको पँहुच पुग्नुपर्दछ अन्यथा शैक्षिक पक्षघात भोग्नुपर्ने समस्या यिनको रहेको छ । उनका अनुसार उत्पीडितलाई सबभन्दा पहि्ले मुक्तिको शिक्षा दिनुपर्दछ । उत्पीडनले चेतनालाई अन्तष्करण गर्नुपर्दछ । जसको अन्तरदृष्टिबाट चेतनाको ढोका खुल्छ र मुक्तिका लागि सक्रियता सुरु हुन्छ । सही शिक्षा संवाद हो, जसबाट एक अर्काबीच सञ्चार बढाउँछ र सञ्चारले नै शिक्षा प्रदान गर्दछ । अतः उनीहरूसँग संवाद भएमा समस्याहरू पत्ता लाग्नुका साथै समाधानका उपायसमेत पत्ता लाग्दछन् । फेरेले विद्यमान् शैक्षिक व्यवहारको खुलेर आलोचना गरेका छन् । सहभागितामूलक शिक्षणविधिको प्रयोग एवम् कामसँग सरोकार राख्ने शिक्षा भन्ने यिनको थियो । यिनी औपचारिक शिक्षाको बिरोध गर्दै यसलाई बासी पुराणको संज्ञा दिनछन् । स्वतः स्फुर्तरूपमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउन सक्नु नै शिक्षाको काम हो । उत्पीडित जातिको मुक्तिको लागि शिक्षा शसक्त माध्यम हो । त्यसैले उत्पीडितको लागि उपयोगी र सुलभ हुने खालको शिक्षाले मात्र गरीब, सर्बसधारणको पहुँच बढाउन सक्छ । त्यसैले दलित र उत्पीडितहरू उत्पीडित जातिमा पर्ने भएकाले अध्ययनको वैचारिक ढाँचामा यिनको विचारलाई पनि आधार बनाइएको छ । (शर्मा, शर्मा २०६० बाट उदृत)

थर्नडाइकका अनुसार, उत्तेजना र प्रतिक्रियाको बीचमा बलियो सम्बन्ध स्थापित हुँदाका अवस्थामा मात्र सिकाइ हुन्छ । समस्या समाधानपूर्व थुप्रै प्रतिक्रियाहरू प्राणीले गर्ने गर्दछन् । समस्या समाधान नहुँदासम्म प्रतिक्रियाहरू निरन्तर भइरहन्छन् । सिकारु सिक्नका लागि स्वयम् तत्पर भएमा मात्र सिकाइ सम्भव हुने गर्दछ । सिक्ने विषयवस्तुले सिकारुमा प्रभाव जमाउन सक्नुपर्छ अन्यथा सिकाइ हरूुन सक्दैन । यिनै आधारहरूमा सम्बलनको सिद्धान्त प्रतिपादित भएको छ । यस सिद्धान्तअनुसार सकारात्मक सम्बलनले सिकारुलाई सिकाइप्रति अभिप्रेरित गरी राम्रो बानीहरूको विकास गर्दछ भने नकारात्मक सम्बोधनले सिकारुका नराम्रा बानीहरूलाई निरुत्साहित गरी सिकाइका लागि क्रियाशील बनाउँछ, ( अधिकारी र पौडेल २०६६) ।

प्यबलभका अनुसार, कुनै पनि उत्तेजनाप्रति प्राणीले प्रतिक्रिया व्यक्त गर्दछ। अभ्यासले सम्बन्ध स्थापित हुन्छ। अप्रत्यासित अस्वभाविक उत्तेजनाबाट स्वभाविक प्रतिक्रिया उत्पन्न हुन जाने र यसको निरन्तर प्रयासले बानीको निर्माण हुने गर्दछ। स्वभाविक प्रतिक्रिया उत्पन्न गराउने उद्दीपकसँग अस्वभाविक उद्दीपकको बारम्बारको प्रस्तुतिबाट अस्वभाविक उद्दीपक र प्रतिक्रियाबीच सम्बन्ध निर्माण हुन्छ। उद्दीपक र प्रतिक्रियाको सहचार्यबाट शिकाइ हुन्छ, (अधिकारी र पौडेल २०६६)।

## २.३. शैक्षिक उपादेयता

अध्ययनलाई प्रभावकारी र वस्तुनिष्ठ बनाउन आवश्यक पूर्वज्ञान हासिल गर्न, लेखन शैली र व्याख्यान विधि आदिका वारेमा अवधारण निर्माण गर्न अध्ययनकर्तालाई प्राप्त निम्न लिखित अध्ययन प्रतिवेदन, पत्रपत्रिकाका अध्ययन गरी त्यसको निर्स्कर्ष प्रस्तुत गरिएको छ। सम्वन्धित रचना कृतिहरूको अध्ययन विश्लेषण तथा समीक्षाको उद्देश्य शोध शीर्षकको आधारभुत ज्ञान हासिल गरी त्यसका बारेमा धारणा कोर्नु हो। अनुसन्धान योग्य परिकल्पनालाई नियमबद्ध परीक्षण गर्न अन्य अनुसन्धानहरूका लेखन शैली पद्धति आदिको बारेमा ज्ञान हासिल गर्न सैद्धान्तिक ढाँचा र पूर्व साहित्यको अध्ययनले महत्त्वपुर्ण भुमिका खेल्दछ।

मास्लोको अभिप्रेणात्मक सिद्धान्तले मानिसका आवश्यकताहरूले उसलाई सक्रिय गराइरहेको हुन्छ। जब सम्म आधारभुत आवश्यकता पुरा हुँदैंन तबसम्म अन्य आवश्यकताहरू गौण बन्न पुग्दछन। छात्रवृत्तिले आधारभुत आवश्यकतालाई पूरा गर्न नसकेका परिवारलाई केहरूी हरूदसम्म राहरूत दिई शिक्षा प्रति आकर्षण गर्न र शिक्षालाई प्राथमिकता नदिएका ब्यक्तिहरूलाई शिक्षातर्फ उत्प्रेरित गर्न केही हदसम्म सघाउँछ। भन्ने विश्वास गर्न सकिन्छ। समाजका लागि शिक्षा र शिक्षाका लागि समाज अपरिहार्य छ। शिक्षाका विविद पक्षसँग समाजका व्यत्तिहरूको अपनत्व र हिस्सा हुनु पर्दछ साथै सक्रिय सहभागिता विना सामाजिक न्याय स्थापना गर्न नसकिने तथ्यलाई मनन् गरी दुर्खिमको सामुहिक पक्षको रूपमा लिईएको छ।

प्याव्लभको शास्त्रीय सम्बन्ध प्रत्यावर्तन सिद्धान्तअनुसार, छात्रवृत्तिलाई उद्दीपकको रूपमा बारम्बार प्रयोग गर्दा विद्यार्थीहरूको छात्रवृत्तिविना नै विद्यालय जाने र अध्ययन गर्ने बानीको निर्माण गर्न सक्नुपर्ने हो । छात्रवृत्तिले यस्तो बानीको विकास गर्न सक्यो कि सकेन भन्ने कुराको विश्लेषण गर्न यस सिद्धान्तको प्रयोग गरिएको छ ।

रावत (२०५८) ले निकालेको निष्कर्षले समस्यालाई सही ढंगले बुझ्न र समाधानका विषयहरूलाई अभिभावकसँग अन्तरकृया गर्न सघाउने छ । फर्मेटिभ अनुसन्धान परियोजनाले गरेको शैक्षिक सहुलियतको प्रभावकारिता सम्बन्धि अध्ययनले दिएका सुझावहरूले यस अध्ययनलाई सही निष्कर्षमा पुग्न सहयोग गर्नेछ । पाण्डे(२०६१)को लेखले शिक्षालाई बिकेन्द्रित गर्न आवश्यक सुझावहरू दिएको छ यसले अध्ययनलाई थप गहिराइसम्म पुग्न र वास्तविकता विश्लेषण गर्न सहयोग पुग्नेछ । बलाईर ( २०६४)को लेखले शिक्षा र शैक्षिक कार्यक्रमहरूमा सरोकारवालाहरूको सहभागिता के कस्तो छ अध्ययन गर्न महत्त्वपूर्ण हुनेछ । वर्तमान नियम कानुनहरूको अध्ययनले व्यक्तिहरू छात्रवृत्तिप्रति के कस्तो प्रतिक्रिया दिन्छन् भन्नेकुरा विश्लेषण गर्न सहयोग पुग्ने छ ।

सम्वन्धित साहित्यको पुनरावलोकनले अध्ययन बस्तुनिष्ठ वनाउन छात्रवृत्तिसँग सम्वन्धि समस्याहरू पहिचान गरि त्यसको समाधान पक्षको खोजी गर्न, प्रतिवेदन लेखन शैली व्यवस्थित गर्न सहयोग पुग्ने विश्वास गर्न सकिन्छ । साथै छात्रवृत्तिप्रति समाजमा रहेको धारणा बुझ्न र विश्लेषण गर्न छात्रवृत्ति कार्यक्रमप्रति सरोकारवालाको ध्यान आकर्षण गर्ने उपाय पहिल्याउन उक्त साहित्यले महत्त्वपूर्ण सहयोग पुग्ने छ ।

## परिच्छेद तीन : अध्ययन विधि

अध्ययनलाई प्रभावकारी बनाउनका लागि विषयवस्तुको प्रकृति, उद्देश्य प्राप्त हुने गरी पूर्व निर्धारित विधिहरू तय गर्नु पर्ने हुन्छ । यस अध्ययनलाई  पूरा गर्न निम्न विधिको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

विद्यालय तहमा वितरित छात्रवृत्ति कार्यक्रमको  सामाजिक उपादेयता सम्बन्धमा  गरिने अध्ययनको विषय वस्तु , प्रकृति र उद्देश्य अनुसार अध्ययनबाट प्राप्त तथ्य, धारणा र विचारहरूलाई परिमाणत्मक र गुणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या

तेह्रथुम जिल्ला अर्न्तगत म्याङ्लुङ स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरू मा.वि.३, नि.मा.वि. २, प्रा.वि.१३ गरी जम्मा १८ विद्यालय र त्यहाँ कार्यरत वि.नि. प्र.अ., शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू शिक्षक अभिभावक संघका पदाधिकारीहरू र अभिभावक तथा जिल्ला शिक्षा कार्यालयका विद्यालय निरिक्षक र स्रोत व्यक्तिहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । ( जनसंख्याको बिवरण अनुसुचीमा राखिएको छ ।)

## ३.३ नमुनाको आकार र नमुना छनौट विधि

म्याङलुङ स्रोतकेन्द्रका सामूदायिक विद्यालयमध्येबाट माध्यमिक विद्यालय १, नि.मा.वि. १ र प्रा.वि. ४ गरी जम्मा ६ वटा विद्यालयहरू समान सम्भाब्य नमूना छनौट विधिबाट नमूनाको रूपमा छनौट गरिएको छ । ती प्रत्येक विद्यालयबाट उद्देश्यमूलक नमूना छनौट विधिबाट निम्न अनुसारको नमूनाको आकार निर्धारण गरिएको छ ।

प्रधानाध्यापक ६ जना, प्रत्येक छनौटमा परेका विद्यालयबाट कम्तिमा १ शिक्षक पर्ने गरी ७ जना शिक्षक प्रत्येक विद्यालयबाट वि.व्य.स.का पदाधिकारी ६ जना र प्रत्येक विद्यालयबाट २ जनाका दरले अभिभावक १२ जना, वि.नि-१ र स्रोत व्यक्ति-१ गरी जम्मा ३३ जना नमुना छनोटमा लिइएको छ ।

## ३.४ नमुना छनौटका आधार

यस अध्ययनको नमूनालाई सार्थक, अर्थपूण, प्रभावकारी र समावेशी बनाउन जातिगत, भौगोलिक, लैङ्गिक, जनसंख्याको आधार लिइएको छ ।

## ३.५ अनुसन्धानका साधन

अध्ययनको उद्देश्य पूरा गर्ने प्रयोजनको लागि मत, धारणा, दृष्ट्रिकोण तथा विचार संकलन गर्न निम्नानुसारको साधनको प्रयोग गरिएको छ ।

क) बन्द तथा खुला प्रस्नावली

ख) अन्तरवार्ता प्रस्नावली

ग) लक्षित समूह छलफल निर्देशिका

## ३.६ तथ्याङ्कका स्रोतहरू

अध्ययनमा प्राथमिक स्रोतका रूपमा बन्द तथा खुल्ला प्रश्नावली अन्तवार्ता प्रश्नावली र सरोकारवालाको सामुहिक छलफललाई प्रयोग गरिएकोछ । तथ्य धारणा तथा विचारलाई विष्लेषण गर्न द्वितीयक स्रोतका रूपमा अप्रकाशित शोधपत्रहरू शैक्षिक लेख तथा अध्ययन प्रतिवेदनहरूका तथ्य, निश्कर्ष र सुझावलाई प्रयोग गरिएको छ । तथ्य, धारणा तथा विचार विश्लेषण गर्न आवश्यकता अनुसार पूर्व प्रकाशित लेख , रचना, पत्रपत्रिका, बुलेटिन तथा प्रतिवेदनका तथ्य तथ्याङ्क समेतलाई प्रयोग गरिएको छ ।

## ३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया

अध्ययनको नमूनामा छनौटमा परेका प्र.अ., शिक्षक र अभिभावकहरूलाई बन्द तथा खुल्ला प्रश्नावलीबाट तथ्याङ्क संकलन गरिएको छ । विद्यालय सुपरीवेक्षक र स्रोतव्यक्तिलाई अन्तर्वार्ता प्रश्नावलीबाट तथ्याङ्क संकलन गरिएको छ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र अभिभावकलाई प्रत्यक्ष अन्तर्वार्ता प्रश्नावली तयार गरी विचार र दृष्टिकोण संकलन गरिएको छ । अध्ययनमा अभिमत, विचार, धारणा र दृष्टिकोण संकलन गर्न लक्षित वर्ग र सरोकारवालाहरूसँग सामूहिक छलफल गरिएको छ ।

### ३.८ तथ्याङ्कको विश्लेषण प्रक्रिया

अध्ययन अनुसन्धानबाट प्राप्त तथ्य, धारणा, विचार र तथ्याङ्कलाई तुलना योग्य र अर्थपूर्ण बनाउन तालिकीकरण, चार्ट र प्रतिसतको प्रयोग गरी व्याख्या गरिएको छ । तथ्य, धारणा र विचारहरूलाई विश्लेषण गर्दा विभिन्न सैद्धान्तिक विचारसँग समाहित गर्ने प्रयत्न गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

विद्यालय छात्रवृत्ति कार्यक्रमको सामाजिक उपादेयता  शीर्षकको शोध अध्ययन गर्ने क्रममा तेह्रथुम जिल्लाको म्याङलुङ स्रोतकेन्द्रका सामूदायिक विद्यालयहरूमा कार्यरत विद्यालय सुपरिवेक्षक, स्रोत व्यक्ति एवं शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र अभिभावकहरूलाई जनसंख्याको रूपमा लिई उद्देश्यमुलक नमुना छनौट प्रक्रियाबाट ३३ जना छनौट गरी तिनीहरूको प्रतिक्रियाको आधारमा विद्यालय छात्रवृत्ति कार्यक्रमको सामाजिक उपादेयताको लेखाजोखा गरि, छात्रवृत्तिका आधारहरू, समस्याहरू र छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउन के कस्ता उपायहरू अवलम्वन गर्नु पर्दछ भन्ने विषयहरूलाई यस अध्ययनमा समेट्ने प्रयास गरिएको छ । यस क्रममा प्राप्त भएका तथ्याङ्कलाई निम्न लिखित भागमा विभाजन गरी  विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१. छात्रवृत्ति कार्यक्रमको उपादेयता

अध्ययनका क्रममा छनौटमा परेका ब्यक्तिहरू विद्यालय तहमा वितरित छात्रवृत्ति कार्यक्रमप्रति सकारात्मक छन् भनी गरिएको अध्ययनबाट प्राप्त नतिजालाई विश्लेषण गरी प्रस्तुत गरिएको छ ।

**तालिका नं. १: छात्रवृत्ति कार्यक्रमप्रतिको दृष्टिकोण**

| वि.ब्य.स. | सकारात्मक छु | सकारात्मक छैन | अन्य |
|---|---|---|---|
| अभिभावक | ५३.३% | २०% | २७.७% |
| प्र.अ.र शिक्षक | ७७% | १५.४% | २३% |
| वि.नि.स्रोतव्यक्ति | ५०% | | ५०% |

*स्रोत :- स्थलगत अध्ययन २०६८*

उपरोक्त तालिकाबाट विद्यालय तहमा वितरण गरिने छात्रवृत्ति कार्यक्रमप्रति अभिभावक तथा विव्यसका प्रतिनिधि मध्ये ५३.३% सकारात्मक देखिए भने प्र.अ. र शिक्षकको ६१.६% ले सकारात्मक ढंगले लिएको पाइयो । विद्यालय निरीक्षण तथा स्रोत व्यक्ति ५०% ले सकारात्मक देखिए ।

विद्यालय तहरूमा वितरण हुने छात्रवृत्तिको रकम सम्बन्धमा गरिएको प्रश्नावली, अन्तर्वार्ता र सरोकारवालासँग सामूहिक छलफलमा हालसम्म व्यवस्था गरिएको छात्रवृत्ति कार्यक्रमप्रति

सरोकारवालाहरू सन्तुष्ट हरूुन नसकेको देखिन्छ । २३ प्रतिशत प्र.अ. र शिक्षक  छात्रवृत्ति कार्यक्रमप्रति सकारात्मक वा नकारात्मक प्रतिक्रिया दिन चाहँदैनन् त्यस्तै विद्यालयमा प्रत्यक्ष रूपमा सरोकार राख्ने २७ प्रतिशत अभिभावकहरू छात्रवृत्ति कार्यक्रमको जानकारी खासै राख्दैनन् । यसबाट के स्पष्ट हुन्छ भने इमाइल दुर्खिमले भनेझैँ समाजले शिक्षाको प्रकार र कार्यक्रम निर्धारण हुने कुराको तालमेल भएको देखिदैँन् साथै नीति निर्माताले समेत लक्षित वर्गको मनोभावना बुझ्न नसकेको देखिन्छ ।

छात्रवृत्ति कार्यक्रम नियमित रूपमा सञ्चालन गर्न थालिएको दशकौँ बितिसक्दासमेत विद्यालयका सेवा क्षेत्रका लक्षित अभिभावकहरू छात्रवृत्ति तथा शैक्षिक सहुलियतका प्रकार र छात्रवृत्तिको उद्देश्य र छात्रवृत्तिको रकमप्रति स्पष्ट धारणा बनाउन सकेको पाइएन । अध्ययनका क्रममा सेवा क्षेत्रका अधिकांश लक्षित अभिभावकहरू छात्रवृत्तिको रकम बारे स्पष्ट नभएको पाइयो । उनीहरूले आफ्ना बालबालिकाले जे जस्तो घरमा पुऱ्याए त्यही नै छात्रवृत्ति हो भन्ने गरेको पाइयो । कतिपय शिक्षक समेत कुन छात्रवृत्तिको बास्तविक रकम कति हो, कुन कुन क्षेत्र र सर्तमा प्रयोग गर्नुपर्ने हो सो बारे स्पष्ट हुन नसकेको पाइयो । यसको मुख्य कारणको रूपमा सम्बन्धित निकाय र सरोकारवालाबाट छात्रवृत्ति सम्बन्धी चासो नराखिनु, अनुगमन नियमित नहुनु र प्रभावकारी नहुनु नै हो भन्ने अध्ययनबाट देखिन आएको छ । यसबाट विद्यालय सेवा क्षेत्रका लक्षित समुदायलाई छात्रवृत्तिको प्रयोग, उपयोगिता र महत्त्वका सम्बन्धमा अभिमुखीकरण, अभिभावक शिक्षा सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

### ४.१.१ विद्यार्थीले प्राप्त गरेको लाभ

विद्यालय छात्रवृत्ति कार्यक्रमले मुख्यरुरूमा सामाजिक, सास्कृतिक, आर्थिकरुरूमा पिछडी  पारिएका बालबालिकालाई महत्त्वपूर्ण सहयोग पुऱ्याएको अध्ययनमा परेका व्यक्तिहरूको भनाई पाइयो । उनीहरूका अनुसार विद्यार्थीहरूलाई आफ्नो साना साना आर्थिक समस्या समाधान गर्न, शैक्षिक सामग्री, विद्यालय पोशाक, झोला तथा छाता रेनकोट जस्ता सामग्रीहरू खरिद गर्न छात्रवृत्तिले सहयोग पुऱ्याएको छ । विद्यालयको वातावरणमा समायोजन हुन छात्रवृत्तिले सहरूयोग गर्दछ । विद्यार्थीहरूलाई शिक्षण सिकाइ क्रियाकलापमा सक्रिय बनाउन, आत्मविश्वास बृद्धि गर्नका लागि छात्रवृत्तिले उत्प्रेरणा दिने बुझाई अध्ययनमा परेका शिक्षकहरूमा रहेको पाइयो । छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीको तुलनामा छात्रवृत्ति प्राप्त नगरेका विद्यार्थीको सिकाइ उपलब्धि कमि हुने र यस्ता विद्यार्थीहरू सिकाईमा कम

उत्प्रेरित हुने उनीहरूको भनाइ छ । खास गरी घरायसी वातावरण सिकाई प्रतिकुल रहेका विद्यार्थीहरू छात्रवृत्तिबाट बढी लाभान्वित भईरहेका छन् । छात्रवृत्तिले दलित पिछडिएका समुदायलाई पढनु पर्छ र पढाउनु पर्छ भन्ने सन्देश दिएको हुन्छ । छात्रवृत्ति रकमले बालबालिकाहरूले आफूले चाहेको सामग्री किन्न सक्दछन् । छात्रवृत्ति कार्यक्रमले दलित,विपन्न समुदायका बालबालिकाहरूको विद्यालय भर्ना दर बढाइएको छ । विद्यालय नजाने बाबालिकाहरूले छात्रवृत्ति पाउने आशमा विद्यालय प्रबेश गरेका छन् । . थोरै भए पनि गरिब, विपन्न वर्गलाई राहत भएको छ । दलित, विपन्न तथा जेहेन्दार बालबालिकाहरूलाई भविश्यको लागि जाँगर बढाएको छ । आर्थिक रूपमा विपन्न वर्गलाई केही आर्थिक सहयोग भएको छ । शिक्षाप्रति बिमुख समुहलाई शिक्षाका लागि उत्प्रेरित गर्ने माध्यम भएको छ । समानता भावना विकास गर्न सहयोग पुगेको छ । समाजमा लैङ्गिक भेदभाव अन्त्य गर्न समाजलाई परिवर्तन गराउन अग्रसरता वढाउन सहयोग पुगेको छ । दलित तथा विपन्न परिवारको शिक्षामा सहभागिता वृद्धि भई साक्षरतामा वृद्धि भएको छ । दलित वर्गका बालबालिकाहरू गैर दलितका बालबालिकाहरू सँग समाहित भएका छन् । बालबालिकाहरूलाई मूलधारमा ल्याउन प्रयास गरेको छ । छात्रवृति कार्यक्रमले शिक्षा सिकाइमा सकारात्मक विभेद वढाउने प्रयास गरेको छ । विद्यालयप्रति सकारात्मक धारणा विकास गर्न सहयोग गरेको छ । छात्रवृत्ति कार्यक्रमले दलित समुदायका बालबालिकाहरू उत्प्रेरित भएका छन् ।

### ४.१.२ अभिभावकले प्राप्त गरेको लाभ

विद्यालय छात्रवृत्ति कार्यक्रमबाट विशेष गरी आर्थिक, सामाजिक ,साँस्कृतिक रुरूमा पछाडी पारिएको समुदायमा रहेका अभिभावकहरू बढी लाभान्वित देखिएका छन् । कतिपय अभिभावकहरू आफ्ना छोराछारीहरूको लागि कपि, किताव ,पेन्सील, स्कुल पोसाक, स्कुल व्याग, छाता जस्ता विद्यार्थीको लागि अति आवस्यक पर्ने सामग्रीहरू जुटाउन समस्या भएका कारण पनि विद्यालय पठाउन नसकिरहेको अवस्था देखिन्छ । आफनो परिवारको विहान वेलुकीको छाकटार्नको लागि सधैंभरि खटिरहेका अभिभावकहरूले बालबालिकाको विद्यालयका अति आवश्यकीय शैक्षिक सामग्रीहरूलाई दोस्रो प्राथमिकताका रुरूमा हेर्ने गरेको कारण आफ्ना छोराछोरी विद्यालय जानबाट बन्चित भइरहेका अवस्था देखिन्छ । लक्षित वर्गका अभिभावकहरूको भनाई अनुसार बालबालिकाहरूलाई आवश्यक पर्ने साना आर्थिक समस्या समाधान गर्न, शैक्षिक सामग्री, विद्यालय पोशाक, झोला तथा छाता रेनकोट

जस्ता सामग्रीहरू खरिद गर्न छात्रवृत्तिले सहयोग पु्याएको छ ।  बालबालिकाहरूलाई  विद्यालयको वातावरणमा समायोजन गराउन छात्रवृत्तिले सहयोग पुचाउँछ । छात्रवृत्ति कार्यकमबाट विद्यार्थीको विद्यालय नियमित हुने कममा वृद्धि हुनकासाथै उनीहरूको पढाईप्रतिको झुकाव बढेकोमा पनि अभिभावकमा  आत्म सन्तुष्टि मिलेको देखिन्छ ।

विद्यालय छात्रावृत्ति कार्यकमबाट अभिभावकहरूमा विद्यालय शिक्षक, विद्यालय व्यवस्थापन समितिसँग आत्मीयतामा बृद्धि गर्न महत्त्वपूर्ण सहयोग भइरहेको थियो । अभिभावकहरूलाई आफ्ना छोराछोरीलाई विद्यालय पठाउन उत्प्रेरित गर्न पनि छात्रवृत्ति कार्यक्रम उपयोगी देखिएको छ ।  विद्यार्थीहरूमा प्रतिस्पर्धी धारणको बिकास हुने गर्दछ जसको कारण पढाइको गुणस्तर बढ्दछ । विद्यालय छात्रावृत्ति कार्यकमबाट अभिभावकहरूले आर्थिक, सामाजिक, मनोवेज्ञानिक रुरूमा लाभ लिइरहेका छन ।

### ४.१.३ समुदायले प्राप्त गरेको लाभ


विद्यालय तहको छात्रवृत्ति कार्यक्रमले सामाजिक , सास्कृतिक र भाषिक रुरूमा पिछडिएका गरिब, विपन्न उत्पिडित, दलित तथा जनजाति र लोपउन्मुख, सिमान्तकृत समुदायका बालबालिकाहरूलाई बढी प्राथमिकता दिएको पाइन्छ । छात्रवृत्ति कार्यक्रमबाट शिक्षाको मुलधारमा समावेश भएका बालकालिकाको माध्यमबाट उक्त समुदायलाई समाजको हरेक पक्षको मुलधारमा ल्याउन महत्त्वपूर्ण सहयोग पुगेको पाइयो । विपन्न समुदायलाई विद्यालय छात्रवृत्ति कार्यक्रमले केही हदसम्म आर्थिक सहुलियत भएको छ । छात्रवृत्ति कार्यक्रमबाट पिछडिएको समुदायको साक्षरता र चेतना स्तर उकास्न मद्दत पुगेको धारणा सरोकारवालाहले व्यक्त गरेकाछन् । चेतना स्तर र साक्षरताको स्थितिमा सुधार भएपछि समाजमा जनस्वास्थ्यको स्थिति सुधार गर्न, प्रजनन् स्वास्थ्य तथा जनसङ्ख्या व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमहरू निर्माण र कार्यान्वयन गर्ने लगायतका विकास निर्माणका गतिविधि सञ्चालन गर्न सहज हुने र यस्ता कार्यक्रमको उपलब्धि पनि बढ्ने भनाइहरू प्राप्त भएका छन् । छात्रवृत्ति कार्यक्रमले पिछडिएको दलित र विपन्न वर्गलाई विकासको मुलधारमा ल्याउन र तिनीहलाई समाजिक न्याय स्थापित गर्न, हरेक तह र तप्कामा समान सहभागिता वृद्धि गर्न, सहअस्तित्व र विश्व वन्धुत्व कायम गर्न विद्यालय छात्रवृत्ति कार्यक्रम महत्त्वपूर्ण साधन मान्न सकिन्छ । विद्यालय छात्रवृत्ति कार्यक्रमले दलित र पछडिएका समुदायलाई पढनु पर्छ र पढाउनु पर्छ भन्ने सन्देश दिएको हुन्छ ।

दलित तथा विपन्न र जेहेन्दार विद्यार्थीलाई सहयोग गर्नु सरकारको राम्रो पक्ष हो । छात्रवृत्ति रकमले बाबालिकाहरूले आफूले चाहेको सामग्री किन्न सक्दछन । छात्रवृत्ति कार्यक्रमले दलित, विपन्न समुदायका बालबालिकाहरूको विद्यालय भर्ना दर बढाइएको छ । विद्यालय नजाने बाबालिकाहरूले छात्रवृत्ति पाउने आशमा विद्यालय प्रबेश गरेका छन । . थोरै भए पनि गरिब, विपन्न वर्गलाई राहत भएको छ ।

**४.१.४. छात्रवृत्ति कार्यक्रमको रकम**

विद्यालय तहमा वितरण हुने छात्रवृत्तिको रकम सम्बन्धमा गरिएको प्रश्नावली र अन्तर्वार्ताको विश्लेषण गर्दा निम्न अनुसारको तथ्याङ्क प्राप्त भएको छ ।

**चित्र नं .१ : छात्रवृत्तिको रकम प्रतिको दृष्टिकोण**




*स्रोत :- स्थलगत अध्ययन २०६८*

उपर्युक्त रेखाचित्रबाट छात्रवृत्तिको रकमलाई हेर्दा के भन्न सकिन्छ भने धेरै जनाले छात्रवृत्ति रकम अप्रयाप्त भएको देखिन्छ । जसमा अभिभावकले धेरै नै अप्रयाप्त भएको  र यसलाई अझ बढाउनु पर्ने धारणा व्यक्त गरेका छन् । विद्यालय तहमा वितरण हुने छात्रवृत्ति रकम समय सापेक्ष नभएको साथै छात्रवृत्ति रकमले विद्यार्थीका साना साना आवश्यकता समेत पूरा गर्न नसकेकाले यसलाई बढाउनु पर्ने

अभिमत पाइएको छ । छात्रवृत्तिले विद्यार्थीलाई आर्दश विद्यार्थी हुन प्रोत्साहन गर्न नसकेको उनीहरूको धारणा थियो । छात्रवृत्ति रकम वार्षिक शैक्षिक क्रियाकलाप गर्न पुग्ने गरी न्यूनतम सामग्रीहरू पुग्ने गरी वितरण गर्नुपर्ने सुझाव लक्षित अभिभावकहरूबाट प्राप्त भएको छ । कतिपय विद्यालयले छात्रवृत्ति रकम कोटा अनुरूप वितरण नगरी दामासाहीले वितरण गर्ने गरेको शिक्षक तथा प्र.अ. हरू नै स्वीकार गर्दछन् । यस्तो कार्यबाट छात्रवृत्ति चुहावट हुने सम्भावना एकातिर बढ्दछ भने अर्कोतिर छात्रवृत्ति वितरण प्रणाली नै औचित्यहीन हुन पुग्दछ । छात्रवृत्तिलाई कक्षागत रूपमा कक्षा बढ्दै जादाँ शैक्षिक सामग्रीहरूमा लाग्ने खर्च पनि बढ्दै जाने हुनाले छात्रवृत्ति कोटाको रकम पनि सबै कक्षामा समान नगरी कक्षा बढ्दै जाने क्रममा छात्रवृत्ति कोटाको रकम पनि वृद्धि गर्नु पर्ने सुझाव प्राप्त हुन आएको छ ।  यसरी अभिमतलाई कदर गर्दा छात्रवृत्ति रकम बढाउनु पर्ने आवश्यक देखिएको छ ।

### ४.१.५. छात्रवृत्ति वितरण प्रक्रिया

छात्रवृत्ति विवरण प्रक्रियाका सम्वन्धमा अध्ययनमा परेका सहभागिहरूसँग गरिएको प्रत्यक्ष छलफल, अन्तरकृया तथा प्रश्नावलीलाई विश्लेषण गर्दा विद्यालयलाई प्राप्तकोटा अनुसार शिक्षक वा व्यवस्थापन समितिले विद्यार्थी छनौट गरी विद्यार्थी वा अभिभावकलाई सामान्य तरिकाले वितरण गरेको देखियो । विद्यालय तहको छात्रवृत्ति स्वयम् विद्यार्थी वा सम्बन्धित अभिभावकहरू कसलाई र कसरी वितरण गर्ने सन्दर्भमा प्राप्त मत निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका न २ :छात्रवृत्ति वितरणसम्बन्धी धारणा**

| विवरण | कसलाई | | कसरी | |
|---|---|---|---|---|
| | विद्यार्थी | अभिभावक | सामान्य तरिकाले | सभा/समारोह गरेर |
| वि.व्य.स.तथा अभिभावक | ६६.६% | ३३.४% | ४०% | ६०% |
| प्र.अ.शिक्षक | ८४.६% | १५.४% | ३८.४६% | ६१.५४% |
| वि.नि.स्रोत व्यक्ति | १००% | - | - | १००% |

*स्रोत :- स्थलगत अध्ययन २०६८*


उपरोक्त तथ्याङ्कबाट छात्रवृत्तिको वितरण गर्दा विद्यार्थीलाई सम्वन्धित अभिभावकको रोहबरमा वितरण गर्नु पर्ने राय ६६% अभिभावकको छ भने ८४.६% प्र.अ.तथा शिक्षक छात्रवृत्ति रकम विद्यार्थीलाई दिनुपर्ने मत राख्दछन् । १०० % विद्यालय सुपरिवेक्षक र स्रोत व्यक्तिले अभिभावकको उपस्थितिमा विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्नु पर्ने बताए ।

त्यस्तै छात्रवृत्ति रकम कसरी वितरण गर्ने सम्वन्धमा गरिएको अध्ययनमा सभा समारोह गरेर वितरण गर्दा प्रभावकारी हुने कुरामा ६०% अभिभावक ६१.५४% प्र.अ. तथा १००% वि.नि.तथा स्रोत व्यक्तिको भनाई छ ।

उक्त तथ्याङ्कलाई विश्लेषण गर्दा सभा समारोह गरेर छात्रवृत्तिको महत्त्व दर्शाएर मात्र अभिभावकको रोहवरमा छात्रवृत्ति वितरण गर्नुपर्ने निर्देशिकाको व्यवस्था कार्यान्वयन नभएको पाइयो । छात्रवृत्ति रकम सामान्य रूपले विद्यार्थीलाई वितरण गर्दा दुरूपयोग भएको अभिभावकको गुनासो रहेको छ । उनीहरूका अनुसार विद्यार्थीले छात्रवृत्ति रकम अभिभावकलाई लुकाउने, शैक्षिक कार्यलाई भन्दा खेल तथा मनोरञ्जनमा बढी खर्च गर्ने प्रवृत्ति बढी रहेको छ । यस सन्दर्भमा निरीक्षण र अनुगमन गरिएको पाइँदैन ।

अध्ययनको छनौटमा परेका विद्यालय निरीक्षक तथा स्रोत व्यक्ति, प्रधानाध्यापक, शिक्षक र अभिभावकहरूसँग छात्रवृत्ति कहिले वितरण गर्ने भनि गरिएको अध्ययनबाट प्राप्त प्रतिकृयालाई देहायअनुसार विश्लेषण गरी प्रस्तुत गरिएको

**चित्र नं. २ : छात्रवृत्ति कहिले वितरण समय**




*स्रोत :- स्थलगत अध्ययन २०६८*


उपर्युक्त चित्रअनुसार छात्रवृत्तिको वितरणको समयका सम्वन्धमा गरिएको मत सर्बेक्षणमा विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि तथा अभिभावकको २०% ले शैक्षिक सत्रको सुरुमा छात्रवृत्ति वितरण गर्नु पर्ने वताए भने प्र.अ.तथा शिक्षकको २३% ले छात्रवृत्ति शैक्षिक सत्रको शुरुमा दिनुपर्ने राय प्रकट गरे । विद्यालय निरीक्षकले तथा स्रोत व्यक्तिको ५०% ले शैक्षिक सत्रको शुरुमा छात्रवृत्ति दिनुपर्ने धारणा अघि सारे । त्यस्तै ६०% अभिभावक, ३०.७६% शिक्षक तथा प्र.अ. छात्रवृत्ति शैक्षिक सत्रको बिचमा वितरण गर्नु पर्ने पक्षमा देखिन्छन । छात्रवृत्ति वितण शैक्षिक सत्रको अन्त्यमा प्रभावकारी हुने पक्षमा अभिभावक २०% शिक्षक तथा प्र.अ.४६.२४% र वि.नि. तथा स्रोत ब्यक्तिको ५०% सहमत छ । यद्यपि छात्रवृत्तिको नगद वा सामग्री के हो । सो कुराले वितरणको समय प्रभावित हुने उत्तर दाताको अभिमत पाइयो । छात्रवृत्ति रकम एकैपटक वितरण गर्दा दुरूपयोग हुने भएकाले छात्रवृत्ति रकम किस्ता बन्दी प्रणालीमा वितरण गर्नु पर्ने धारणा सरोकारवालाहरूको छ । छात्रवृत्ति रकम वितरण गर्दा शैक्षिक सत्रको प्रारम्भमा नै औपचारिक समारोहको आयोजना गरी सरोकारवालाहरूको उपस्थितिमा पारदर्शि हिसाबबाट गरिनु पर्ने सुझाव अभिभावकहरूले दिएका छन् । छात्रवृत्ति रकमलाई विद्यालयको परीक्षा प्रणालीसँग आवद्ध गरी त्रैमासिक वा किस्ताबन्दी प्रणालीको रूपमा वितरण गर्ने व्यवस्था मिलाउन

सकेमा त्यसले सिकाइमा सकरात्मक प्रभावपार्ने शिक्षकहरूको भनाई पाइयो । यसरी वितरण गर्दा थन्डाइकको प्रभावको नियमले भने झैँ बालबालिकाहरूलाई छात्रवृत्तिको वितरणले प्रभावकारी उपस्थिती उनीहरूको शैक्षिक उपलव्धि र उत्तीर्णदरमा प्रभाव पार्न सक्ने देखिन्छ । छात्रवृत्ति रकमलाई परीक्षा प्रणालीसँग समन्वयन गरी वितरण गर्दा सकारात्मक सम्वलनले बालबालिकाको काम गर्ने चाहनामा तिव्रता ल्याउछ भने झैँ राम्रो उपलव्धिलाई छात्रवृत्ति दिदाँ विद्यार्थीमा पढ्ने बानी र प्रतिस्पर्धा गर्ने सोचको विकास हुने र छात्रवृत्ति नदिदाँ नपढ्ने बानी कमजोर हुन गई पढाईप्रति मिहिनेत गर्ने बानीको विकास हुने विद्यालय निरीक्षकहरूको धारणा रहेको पाइयो ।

अध्ययनका छनोटमा परेका विद्यालयहरूका सेवाक्षेत्रका प्र.अ., शिक्षक तथा अभिभावकसँगको प्रत्यक्ष छलफल र प्रश्नावलीबाट अधिकाश विद्यालयमा छात्रवृत्तिको रकम शैक्षिक सत्रको अन्त्यमा वितरण गरेको देखिन्छ । एउटा विद्यालयमा शैक्षिक सत्रको अन्त्यमा नतिजा प्रकाशन भई सकेपछि मात्र वितरण भएको पाइयो । त्यसैले छात्रवृत्ति वितरणका लागि जिल्लाको भौगोलिक अवस्थालाई मध्यनजर गर्दै समयमा नै जिल्ला शिक्षा कार्यालयले छात्रवृत्ति रकम निकासा गरी विद्यालय व्यवस्थापन समितिले वितरण गर्नुपर्ने व्यवस्था गर्न आवश्यक देखिन्छ ।

छात्रवृत्ति कार्यक्रमले छात्रवृत्तिलाई नगद नै वितरण गर्ने वा सामग्री वितरण गर्ने सम्बन्धी केही मापदण्ड बनाएको पाइन्छ । पोषाक, पाठयपुस्तक तथा शैक्षिक सामग्री र नगद रकम के वितरण गर्दा प्रभावकारी हुन्छ  भन्ने सम्वन्धमा संकलित प्रश्नावली र अन्तरकृया विश्लेषबाट देहायको निष्कर्ष प्राप्त भएको छ

**चित्र नं ३ :छात्रवृत्ति रकम वितरण नगद तथा जिन्सी विवरण**




स्रोत :- स्थलगत अध्ययन २०६८

उपयुक्त तालिकाबाट छात्रवृत्ति रकम नगदको सट्टा सो रकम बराबरको सामग्री दिदा उपयोगी हुने अभिभावक र शिक्षक प्र.अ.को मत स्पस्ट देखिन्छ किनकि अभिभावकको ६०% र शिक्षक तथा प्र.अ.को ६१% उत्तरदाताहरू सामग्री वितरण गर्ने पक्षमा देखिन्छ। विद्यालय निरिक्षक र स्रोत ब्यक्ति भने नगद नै वितरण गर्ने पक्षमा देखिन्छ। उनीहरूका अनुसार नगद दिए विद्यार्थीहरू स्वइच्छाले आफ्ना आवश्यक सामग्री खरिद गर्न सक्दछ।

छात्रवृत्ति रकमलाई नगदका रूपमा वितरण नगरी शैक्षिक सामग्री र पोशाकको रूपमा वितरण गर्दा प्रभावकारी हुने अभिभावक तथा शिक्षकको धारणा रहेको पाइयो। किस्ता बन्दीमा बाडिनु पर्ने दलित तथा छात्र छात्रवृत्ति प्रत्येक महिना प्राप्त हुने रकम बराबरको शैक्षिक सामग्री वितरण गर्दा रकम दुरूपयोग रोकिने र विद्यार्थीको अध्ययनमा प्रभावकारिता बढ्न गई उनीहरूको शैक्षिक उपलब्धिमा परिवर्तन आउने विश्वास सरोकारवालाहरूले व्यक्त गरे। छात्रवृत्ति नगद तथा जिन्सी जे भए पनि

विद्यार्थीमा सकारात्मक उद्धिपकको काम गर्नुपर्ने धारणा सरोकारवालाहरूको रहेको देखिन्छ । छात्रवृत्ति प्राप्तिका लागि नै विद्यालय आउने गरेको समेत उनीहरूको धारणा रहेको पाइयो । दलित तथा विपन्न समुदायका बालबालिकाहरू छात्रवृत्ति प्राप्त गर्नका लागि नै एकभन्दा बढी विद्यालयमा भर्ना भएको पाइयो ।

## ४.२. छात्रवृत्ति वितरणको आधार

विद्यालय छात्रवृत्ति कार्यक्रमको सामाजिक उपादेयता शीर्षकको शोधकार्य गर्ने क्रममा छात्रवृत्ति वितरणका आधारहरू खोजी गर्ने प्रयत्न गरिएको छ । जसमा प्र.अ., शिक्षक र अभिभावक, स्रोत व्यक्ति, वि.नि.हरूबाट प्राप्त भएका धारणा, विचारहरूका आधारमा निम्न आधार पाइएको छ :

### ४.२.१. विद्यार्थी सङ्ख्या

अध्ययनका क्रममा गरिएको प्रश्नावली र सामुहिक छलफलका क्रममा छात्रवृत्ति वितरणको आधार विद्यार्थी सङ्ख्या हुनु पर्ने धारणा पाइयो । विद्यार्थी सङ्ख्या जतिबढी हुन्छ त्यति नै दलित, विपन्न तथा समाजको मूलधार भन्दा बाहिरको समूदायबाट आएका बालबालिकाहरूको सङ्ख्या बढी हुने हुन्छ । त्यसैले विद्यार्थी सङ्ख्यालाई  छात्रवृत्ति वितरणको मुख्य आधार मानिनु पर्ने भनाइ पाइयो । समानुपातिक, समावेशीकरण र व्यवस्थापकीय  दृष्ट्रिकोणले पनि बढी विद्यार्थी रहेको विद्यालयमा बढी छात्रवृत्ति कोटा दिइनु पर्ने धारणाह अध्ययनको क्रममा प्राप्त भएका छन् । विद्यालयमा विभिन्न पक्षहको लगानी र व्यवस्थापन विद्यार्थी सङ्ख्या कै आधारमा हुने गरेकोले समेत छात्रवृत्ति कोटा वितरणमा विद्यार्थी सङ्ख्यालाई आधारको रुरूमा लिनु पर्ने सरोकारवालाको भनाइ पाइयो । छात्रवृत्ति कोटा वितरण गर्दा विद्यार्थी सङ्ख्या र त्यसमा दलित, महिला, जनजाति आदिको सङ्ख्यालाई विशेष ध्यान पुऱ्याउनु पर्ने अभिभावकहरूको मनसाय रहेको पाइयो । शिक्षाको मूल प्रवाहमा आउन नसकेका समुदायको संख्या अधिक रहेको क्षेत्रमा छात्रवृत्ति कोटा बढी दिइनु पर्ने उनीहरूको भनाई छ । सम्पूर्ण दलित, अल्प संख्यक तथा सिमाङ्कृत र महिला छात्राहरूलाई छात्रवृत्ति दिने व्यवस्थाले सामाजिक न्याय दिन नसकेको उनीहरूको भनाई छ । यसरी कोटा वितरण गर्दा विपन्न र जेहेन्दार विद्यार्थीहरू मारमा परेको धारणा उनीहरूको छ ।

### ४.२.२ जातिगत आधार

विद्यालय छात्रवृत्ति कार्यक्रमको सामजिक उपादेयता शीर्षकको शोध तयार गर्ने क्रममा प्राप्त भएका तथ्य, धारणा र विचार विश्लेषण गर्दा जातिगत आधारलाई प्राथमिकता दिनु पर्ने देखिएको छ । नेपाली समाजमा जातिगत विविधता रहेको र हरेक जातिमा विकासको गति पनि फरक फरक रहेको देखिन्छ । विकासको गति कम भएका र समाज विकासको मूलधारमा समुचित तवरले समावेश हुन नसकेका जातजाति तथा जनजाति समुहका बालबालिकाहलाई विद्यालय छात्रवृत्ति कार्यक्रमले बढी प्राथमिकता दिनु पर्ने मत अध्ययनबाट प्राप्त भएका छन् । समाजको शैक्षिक मुलधारमा ल्याउन यस्ता पिछडिएका जातजाति समुहलाई बढी कोटा दिइ छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्नु पर्ने धारणाहरू प्राप्त भएका छन् । खास गरी भाषिक विभेदका कारण पिछडिएका जनजातिलाई छात्रवृत्तिले प्रमुख प्राथमिकता दिनु पर्ने भनाइ अध्ययनमा परेका जनजाति अभिभावकहरूले राखेको पाइयो ।

### ४.२.३ भौगोलिक आधार

छात्रवृत्ति कोटा वितरण गर्दा भौगोलक क्षेत्रलाई प्राथमिकतामा राखिनु पर्ने राय  अभिभावकहरूको छ । उनीहरूका अनुसार भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रका बालबालिकाहरू उचित शैक्षिक वातावरण र प्रर्याप्त शैक्षिक सामग्रीबाट वञ्चित हुन्छन । त्यसैले विद्यालय तहको छात्रवृत्ति वितरण गर्दा त्यस्ता क्षेत्रलाई प्राथमिकता दिनु पर्ने २० प्रतिशत अभिभावकहरूको धारणा छ । हालसम्म केही जिल्लामा दिवा खाजा कार्यक्रम र खाने तेल वितरण गर्ने बाहेक भौगोलक क्षेत्रलाई प्राथमिकता दिएर ल्याइएका छात्रवृत्ति कार्यक्रम सञ्चालन भएको पाइँदैन । हाम्रो समाजमा धनी र गरिब बीचको खाडल बढ्दै गएको र ग्रामिण तथा दुर्गम क्षेत्रबाट सहरी तथा सुगम क्षेत्रमा हुने बसाईसराइले ग्रामिण क्षेत्रमा जनसंख्या घट्न जाने कार्य तीब्र भएकाले यस क्षेत्रमा शिक्षा, स्वास्थ्य जस्ता सुविधा विस्तार गर्न कठिन र थप चुनौतिपूर्ण हुँदै गएको अवस्थामा गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवास सहित को छात्रवृत्ति कार्यक्रम लागु गर्नुपर्ने अभिभावकहरूको सुझाव पाइएको छ । यस्तो आवास सुविधा विद्यालय क्षेत्र भन्दा टाढाका विद्यार्थी र घरायसी वातावरण प्रतिकूल रहेका बालबालिकामा दिनु पर्ने उनीहरूको तर्क रहेको पाइयो । उनीहरूका अनुसार त्यस्ता दुर्गम र ग्रामिण क्षेत्रमा थोरै रकमको छात्रवृत्ति कार्यक्रमले कुनै ठोस उपलव्धी लिन सक्दैँनन् ।  यस तर्फ सबैको ध्यान पुग्न जरुरी छ ।

### ४.२.४ लैङ्गिक आधार

शोध कार्य सम्पन्न गर्ने क्रममा गरिएका अध्ययन , छलफलहबाट विद्यालय तहको छात्रवृत्ति कार्यक्रमको कोटा निर्धारण गर्दा लैङ्गिकतालाई उचित प्राथमिकता दिनु पर्ने
धारणा पाइएका छन् । समाजमा लैङ्गिक विभेद ब्याप्त रहेको, महिलाको शैक्षिक स्थिति पुरुषको तुलनामा अत्यन्तै कम रहेका अवस्थामा छात्रवृत्ति वितरणमा महिलालाई प्राथमिकता दिनु पर्ने मत प्राप्त भएका छन् । शिक्षित पुरुष भन्दा शिक्षित महिलाबाट समाजले बढी समाजिक लाभ प्राप्त गर्न सक्ने सरोकारवालाको भनाइ रहेको पाइयो । उनीहरूका अनुसार पुरुष शिक्षित भए आफू मात्र शिक्षित हुने तर महिला शिक्षित भए परिवार नै शिक्षित हुन्छ । समानता र समृद्ध समाज निर्माण गर्न महिला शिक्षालाई जोड दिन जरुरी रहेको छ । यसका लागि विद्यालय छात्रवृत्ति कार्यक्रमले छात्राहलाई बढी प्राथमिकता दिनु पर्ने धारणा प्राप्त भएका छन् ।

### ४.२.५ नियमितताको आधार

विद्यालय तहको छात्रवृत्ति वितरणका आधारहका खोजि गर्दा विद्यार्थी नियमिततालाई एक महत्त्वपूर्ण आधारको रुरूमा लिइनु पर्ने धारणा अध्ययनबाट प्राप्त भएका छन् । दलित, विपन्न तथा जनजातिका बालबालिकाहरू छात्रवृत्ति रकमका लागि एक भन्दा बढी विद्यालयमा भर्ना हुने र ती विद्यालयमा पालै पालो जाने गरेकोले सिकाइ दिगो हुन नसकेको र उक्त समुदायका बालबालिकाहरूको विद्यालय छोड्ने दर र दोहोऱ्याउने दर पनि बढी भएकोले छात्रवृत्तिबाट सोचे अनुरुरूको उपलब्धि प्राप्त हुन नसकेको समस्या निराकरण गर्न छात्रवृत्ति वितरणको आधार नियमिततालाई मान्नु पर्ने उनीहरूको भनाइ छ । छात्रवृत्ति वितरण गर्दा नियमित गृहकार्य तथा कक्षा कार्यमा सम्लग्न हुने विद्यार्थीहरूलाई प्राथमिकता दिँदा प्रभावकारी हुने मत शिक्षकहरूको पाइयो । छात्रवृत्ति पाएका विद्यार्थीहले शैक्षिक उपलब्धी पनि बढाउनु पर्ने बाध्यकारी ब्यवस्था गर्न आवश्यक रहेको उनीहरूको सुझाव पाइयो ।

### ४.२.६ विद्यार्थी पृष्ठभूमिको आधार

विद्यालय छात्रवृत्तिका आधारहरूमध्ये विद्यार्थीको विविध पृष्ठभूमिलाई पनि वितरणको आधार बनाउनु पर्ने धारणाहरू प्राप्त भएका छन् । समाजमा विध्यमान जातीय विविधता, भाषिक विविधता, सास्कृतिक विविधतालाई सम्बोधन गर्न यस्तो आधार प्रभावकारी हुने मत पाइयो । विषेश गरी भाषिक अल्पसङ्ख्यक समुदाय र मातृभाषा नेपाली भन्दा फरक रहेका बालबालिकाहरूलाई छात्रवृत्तिमा समावेश

गरिनु पर्ने धारणा पाइयो । विपन्न वर्गलाई छात्रवृत्तिले केही राहत दिने र सहरीक्षेत्र भन्दा ग्रामिण क्षेत्रमा सिकाइ वातावरण कमजोर हुने भएकोले छात्रवृत्ति वितरणमा विपन्न र ग्रामिण पृष्ठभूमिलाई बढी प्राथमिकता दिनु पर्ने सुझावहरू पाइयो ।


अध्ययनका क्रममा प्र.अ., शिक्षकबाट भराइएको प्रश्नावली र विद्यालय निरीक्षक र स्रोत व्यक्तिबाट लिइएको अन्तरवार्ताको विश्लेषण गर्दा उनीहरूको छात्रवृत्तिको कोटाको आधार विद्यार्थी संख्या नै हुनु पर्ने धारणा व्यक्त गर्दछन् । विद्यार्थीहरूको उपलब्धिलाई छात्रवृत्ति वितरणको आधार बनाइनु पर्ने उनीहरूको मत रहेको छ । नियमावली र छात्रवृत्ति कार्यक्रम कार्यान्वयन निर्देशिकालाई व्यवस्थित गरी सोही अनुरूप छात्रवृत्ति कोटा निर्धारण गर्दा विद्यार्थी संख्या र तिनीहरूको उपलब्धिलाई प्राथमिकता दिनुपर्ने धारणा रहेको पाइयो । छात्रवृत्ति कार्यक्रमलाई विद्यालयको आन्तरिक परीक्षा प्रणालीसँग अन्तरसम्बन्धित गरी छात्रवृत्ति कोटा निर्धारण र कार्यान्वयन गर्नुपर्ने सरोकारवालाहरूको धारणा रहेको पाइयो । प्रत्येक आवधिक आन्तरिक परीक्षाको उपलब्धिलाई आधार मानी जेहेन्दार र नियमित उपस्थिति हुने विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने शिक्षकहरूको अभिमत पाइएको छ । छात्रवृत्ति कोटा वितरण गर्दा दलित तथा विपन्नको नियमित उपस्थिति र निरन्तरतालाई  पनि महत्त्वपूर्ण आधार बनाउनु पर्ने उनीहरूको धारणा छ । छलफलका क्रममा विद्यालय निरीक्षक र स्रोत व्यक्तिहरूले विद्यार्थी संख्यालाई विखण्डित गरी त्यसमा दलित जनजाति र अल्पसंख्यक तथा सिमाङ्कृत समुदायको हिस्साको आधारमा मात्र छात्रवृत्ति कोटा वितरण गर्नुपर्ने राय व्यक्त गरेका थिए ।

छात्रवृत्ति कोटा वितरणको आधारहरूका सम्बन्धमा प्र.अ., शिक्षक, विद्यालय निरीक्षक र स्रोत व्यक्तिहरूको धारणालाई विवेचना गर्दा भौगोलिक क्षेत्रलाई निश्चित कोटा दिई विद्यालय सेवा क्षेत्रको आर्थिक सामाजिक परिवेशको लेखा जोखा गरी कोटा निर्धारण गर्नुपर्ने निष्कर्षमा पुग्न सकिन्छ । उनीहरूका अनुसार विद्यार्थी संख्या मात्र कोटा निर्धारणको आधार बनाउँदा सामाजिक न्याय कायम हुन सक्दैंन । त्यसैले भौगोलिक क्षेत्र भित्रपनि विद्यार्थीको उपस्थिति र उनीहरूको उपलब्धिलाई विशेष ध्यान दिई छात्रवृत्ति वितरण गर्नुपर्दछ । आर्थिक रूपले विपन्न वर्गलााई उनीहरूको उत्सुकता र जेहेन्दारीपनलाई हेरेर मात्र छात्रवृत्ति वितरण गर्नुपर्ने अभिमत पाइन्छ । छात्रवृत्ति प्रयोजनका लागि प्रत्येक विद्यालयले पारिवारिक लागत व्यवस्थित गर्नुपर्ने व्यवस्था नियमावलीमा भए पनि कुनै पनि

विद्यालयले परिवारको आर्थिक वितरण सम्बन्धी अभिलेख व्यवस्थित गरेको पाइएन । त्यस्तै कक्षामा प्रथम वा द्वितीय हुनेलाई जेहेन्दार छात्रवृत्ति दिनुपर्ने व्यवस्थापन कार्यान्वयन नभएको पाइयो । त्यसैले छात्रवृत्ति वितरण र कार्यान्वयनको निरीक्षण र अनुगमन पक्षलाई सशक्त बनाउन जरुरी रहेको देखिन्छ । छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न कोटा कसरी निर्धारण वितरण गर्ने गरिएको भन्ने प्रश्नको निरूपण गर्न गरिएको प्रश्नावली र अन्तरवार्ता तथा छलफलबाट निम्नानुसारको निष्कर्ष प्राप्त भएको छ । छात्रवृत्ति कोटा निर्धारण गर्दा विद्यार्थी संख्या, भौगोलीक क्षेत्र, विवरणको उपलब्धता भन्दा अन्य कुरा चिनजान राजनैतिक निकटता, चाकडी चाप्लुसीका आधारमा छात्रवृत्ति बाडिने गरेको ५३.३% अभिभावकको गुनासो छ । ४६.१५% प्र.अ.तथा शिक्षक विद्यार्थी संख्याको आधारमा छात्रवृत्ति कोटा उपलब्ध हुने गरेको राय व्यक्त गर्दछन । विद्यालय सुपरिवेक्षक र स्रोत व्यक्तिको विद्यार्थी र विवरणको उपलब्धतालाई ५०%, ५०% छात्रवृत्ति कोटा वितरणको आधार मान्दछन ।

छात्रवृत्ति वितरण गर्न के कस्तो आधारलाई उपयुक्त ठान्नु हुन्छ भने प्रश्नमा गरिएको सर्बैक्षणबाट निम्नानुसारको निष्कर्ष प्राप्त भएको छ ।

**चित्र ४ : छात्रवृत्तिकोटा वितरणको आधार**




स्रोत :- स्थलगत अध्ययन २०६८

उक्त चित्रलाई विष्लेषण गर्दा अधिकाशं अभिभावकहरू विपन्न वर्गलाई छात्रवृत्तिले समेट्नु पर्ने पक्षमा देखिन्छन । उनीहरूका अनुसार समावेशीका नाममा निश्चित जातका सबैलाई छात्रवृत्ति आवश्यक छैन । निश्चित मापदण्डका आधारमा विपन्न परिवारलाई छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने उनीहरूको मत देखिन्छ । शिक्षक तथा प्र.अ.को ४६.१५% विपन्न वर्गमा छात्रवृत्ति कार्यक्रम केन्द्रित हुनु पर्ने वताउँछन् । दलित तथा अल्पसंख्यक वर्गमा छात्रवृत्ति केन्द्रित हुनु पर्ने पक्षमा अभिभावकको १३.३% र प्र.अ.तथा शिक्षकको २३.०७% सहमत छ । भौगोलिक क्षेत्रका आधारमा छात्रवृत्ति कार्यक्रम सन्चालन हुनु पर्ने पक्षमा २०% अभिभावक र २३.०७% शिक्षक वर्ग सहमत छन ।

## ४.३ छात्रवृत्ति कार्यक्रमका समस्या

कुनै पनि कार्यक्रम कार्यन्वयन गर्दा कुनै न कुनै रूपमा समस्याहरू सृजना हुन्छन् । विद्यालय तहमा वितरण गरिने छात्रवृत्ति कार्यक्रमहरूमा कोटा निर्धारणदेखि वितरण गर्दा सम्म विभिन्न प्रकारका समस्याहरू देखा परेका छन् । यस अध्ययन क्रममा गरिएका छलफल अन्तरक्रिया तथा प्रश्नावलीबाट छात्रवृत्ति कार्यक्रमका समस्याहरू निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

### ४.३.१ छात्रवृत्ति कोटा वितरणको समस्या

विद्यालय तहमा सम्पूर्ण दलित, छात्रा र सीमान्तकृत, अल्पसंख्यकका लागि छात्रवृत्ति भनिने तर सबैलाई कोटा उपलव्ध नहुने समस्या देखिन्छ । यस्तो समस्या अघिल्लो शैक्षिक वर्षको तथ्याङ्कको आधारमा रकम निकासा गर्ने प्रचलनका कारण उत्पन्न भएको भनाई शिक्षकहरूको  पाइयो । यस्तो प्रचलनले कतै सबै दलित र सबै छात्रालाई नपुग्ने र कतै दुरूपयोग हुने गरेको पाइएको छ । अघिल्लो वर्षको तुलनामा लक्षित वर्गमा विद्यार्थीको संख्या बढी र पछिल्लो वर्ष कम भएमा नक्कली विद्यार्थी खडा गरी फर्जि भरपाई गर्दै रकम दुरूपयोग हुने गरेको सरोकारवालाहरूको भनाई थियो । विद्यालय तहमा कोटा प्रणालीमा वितरण हुने छात्रवृत्ति सबै विद्यार्थीलाई नपुग्ने र यस्तो छात्रवृत्तिको रकम अन्य छात्रवृत्ति भन्दा बढी हुने भएकाले विद्यार्थी र अभिभावकहरू छात्रवृत्ति दिनका लागि विद्यालय व्यवस्थापन समिति र प्र.अ.लाई दबाफ समेत दिन आउने गरेको प्र.अ.हरूको गुनासो पाइएको छ ।

### ४.३.२ छात्रवृत्ति निकासाको समस्या

अध्ययनका क्रममा अभिभावकहरूले छात्रवृत्ति रकम जिल्लाबाट निकासा भईसक्दा पनि जिल्ला शिक्षा कार्यालयले विभिन्न बहानामा छात्रवृत्ति कोटासम्बन्धी निर्णय गर्न ढिला सुस्ति गर्ने गरेको पाइएको छ । शिक्षा कार्यालयले विद्यालयले संचयकोष कट्टी नगरेको, कर कट्टी नगरेको तथा भौतिक संरचना निर्माणसम्बन्धी फरफाराम नलगेको जस्ता बहानामा छात्रवृत्ति रकम समेत समयमा नै निकासा नदिएको  शिक्षक तथा प्र.अ.को  भनाई पाइएको छ । छात्रबृत्तिको रकम विद्यालयको खातामा निकासा हुँदा समेत विद्यालय व्यबस्थापन समितिले समयमा निर्णय गर्न नसक्दा वितरणमा समस्या देखिएको अभिभावकको गुनासो  रहेको पाइयो  । यसो हुनुको कारण व्यवस्थापन समितिका व्यक्तिहरू बीच विद्यार्थी छनोटमा कुरा नमिल्नु मुख्य भएको अभिभावकहरूको भनाई छ । विद्यालय व्यवस्थापन समिति गठन हुँदा नै राजनैतिक दलहरू बीच भागबण्डा हुने गरेकोले छात्रवृत्ति कोटा वितरणमा समेत यसको प्रभाव परेको उनीहरूको भनाई छ ।

### ४.३.३ विद्यार्थी भर्नासम्बन्धी समस्या

विद्यालय छात्रवृत्ति कार्यक्रम सम्बन्धी समस्याहरूमध्ये समयमा विद्यार्थी भर्ना नहुनु पनि जटिल समस्याको रूपमा रहेको अध्ययनबाट देखिएको छ । खासगरी दलित तथा विपन्न अभिभावकहरूले शैक्षिक सत्रको आरम्भमा आफ्नो बालबालिकालाई विद्यार्थी भर्ना अवधिमा भर्ना नगराउने र सो समय भन्दा पछि भर्ना हुने विद्यार्थीहरूको अभिलेख पठाउन नसक्दा त्यस्ता विद्यार्थीले छात्रवृत्ति नपाउने र नपाउँदा शिक्षक स्टाफले दवाव खेप्नु परेको शिक्षकहरू बताउँछन् । छात्रवृत्ति लिनका लागि मात्र विद्यालय आउने र नियमित नआउने बालबालिकाहरूलाई छात्रवृत्ति नदिदाँ विरोधको सामना गर्नुपर्ने अवस्था सिर्जना भएको भनाई प्र.अ. तथा शिक्षकहरूको पाइयो । कतिपय अभिभावकहरूले बालबालिकाहरूलाई छात्रवृत्ति लिनका लागि पाँच वर्ष पूरा नभएका बालबालिकाहरू समेत विद्यालयमा भर्ना गराएकाले कक्षा १ मा विद्यार्थी संख्या अधिक रहेको र त्यसको सिकाइ प्रभावित भएको समेत सरोकारवालाहरूको भनाइ रहेको पाइएको छ । कक्षा १ मा भर्ना भएका विद्यार्थीहरूले छात्रवृत्तिमा कम प्राथमिकता पाएको, छात्रवृत्ति दिँदा उमेरको ख्याल नगरिएको जस्ता कारणहरूले तल्ला कक्षाहरूमा छात्रवृत्तिले प्रोत्साहनको काम गर्न नसकेको पाइयो ।

### ४.३.४ विद्यार्थी उपस्थितीमा अनियमितताको समस्या

अध्ययनको क्रममा गरिएको लक्षित वर्ग तथा सरोकारवालासँगको सामुहिक छलफलमा छात्रवृत्ति वितरण गर्ने समयको नजिक  विद्यालय आउने र छात्रवृत्ति पाएपछि सो वर्षका लागि विद्यालय छाड्ने समस्या रहेको प्र.अ. तथा शिक्षकहरूको भनाई रहेको पाइयो । नियमित तथा निरन्तर विद्यालय नआउने विद्यार्थीको संख्या बढ्दै गएको पाइएको छ । त्यस्तै छात्रवृत्ति प्राप्त गर्न एकभन्दा बढी सामुदायिक विद्यालयमा भर्ना हुने गरेको समेत अध्ययनबाट देखिएको छ । यस्ता विद्याथीहरू आफू भर्ना भएको विद्यालयहरूमा पालो गरी गरी जाने गरेको पाइयो । सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै जानु र शिक्षक दरबन्दी विद्यार्थी संख्याको आधारमा वितरण गरिने भएको हुनाले दरबन्दी काटिने डरले एकभन्दा बढी विद्यालयमा भर्ना हुने पहिचान भए पनि त्यसलाई विद्यालय प्रशासनले व्यवस्थापन गर्न चासो नगरेको सरोकारवालाहरूको भनाई रहेको पाइयो ।

### ४.३.५ छात्रवृत्ति वितरणको समस्या

विद्यालय तहमा प्राप्त हुने विभिन्न किसिमका छात्रवृत्तिहरू वितरणमा समस्या देखिएका  छन् । विशेष गरी कोटाबाट प्राप्त हुने छात्रवृत्ति र सम्पूर्ण छात्रा तथा दलित र सम्पूर्ण लोपोन्मुख तथा सीमान्तकृत छात्रवृत्तिको रकम फरक फरक हुने हुनाले विद्यालयलाई छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्न समस्या भई रहेको प्र.अ. तथा शिक्षकहरूले बताएका छन् । यसको समस्या माध्यमिक शिक्षा छात्रवृत्ति र लक्षित वर्ग छात्रवृत्तिमा बढी रहेको देखिएको छ । यी छात्रवृत्तिहरू दलित छात्रछात्रालाई दिँदा छात्रवृत्ति दोहोरिने र नदिएमा बढी रकम भएको छात्रवृत्ति चै आफूले नपाएको गुनासो गर्ने र सो छात्रवृत्ति प्राप्त गर्नका लागि शिक्षक स्टाप तथा व्यवस्थापन समितिमा दवाव दिने समेत गरेको विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र प्र.अ. हरूले बताएका छन् । कतिपय विद्यालयहरूमा आफूलाई प्राप्त हुने छात्रवृत्ति कोटालाई ख्याल नगरी प्राप्त रकमलाई सम्पूर्ण विद्यार्थीहरूमा वितरण गर्ने गरेको समेत देखिएको छ । सम्पूर्ण दलित, छात्रा र सीमान्तकृत तथा लोपोन्मुख जस्ता छात्रवृत्तिहरू दश महिनाको एक शैक्षिक वर्ष मानेर प्रत्येक महिना किस्ता बन्दीमा वितरण गर्नुपर्नेमा यस्तो छात्रवृत्ति विभिन्न कारण देखाउँदै एकैपटक वितरण गरिँदा छात्रवृत्ति रकम शैक्षिक कार्यमा भन्दा घर खर्चमा प्रयोग हुने गरेको सरोकारवालाहरूको भनाई रहेको पाइएको छ । यी छात्रवृत्तिहरू प्रत्येक महिनामा पाउने रकम बराबरका शैक्षिक सामग्रीहरू विद्यालयले नै खरिद गरी वा अभिभावकबाट सो बराबरको शैक्षिक सामग्री किनिएको विल लिएर भुक्तानी गर्ने व्यवस्था गर्नु पर्ने सुझाव प्राप्त भएको छ । स्थानीय संघ संस्था तथा व्यक्तिहरूबाट स्थापन गरिएको छात्रवृत्ति तथा पुरस्कार वितरणमा समेत गुनासा र समस्या हुने गरेको पाइएको छ । यसरी स्थानीय स्तरमा स्थापना गरिएको छात्रवृत्ति वितरणमा निष्पक्षता नरहेको उनीहको गुनासो रहेको पाइन्छ । यस्ता पुरस्कार तथा छात्रवृत्ति  विशिष्ट र स्पष्ट आधार निर्माण गरी कार्यान्वयन गर्नुपर्ने सरोकारवालाहरूको अभिमत पाइयो ।

### ४.३.६ छात्रवृत्ति दुरूपयोग हुने समस्या

अध्ययनका क्रममा छात्रवृत्तिको कोटा वितरण देखि छात्रवृत्तिका लागि विद्यार्थी छनोट र वितरणसम्ममा लापरवाही, अनियमितता र दुरूपयोग भईरहेको सरोकारवाला अभिभावकको शिकायत रहेको पाईयो । उनीहरूले छात्रवृत्ति कोटाको लागि विद्यार्थीको तथ्याङ्क बढाएर पठाउने, बढी रकमको विल वनाई कम रकमको शैक्षिक सामग्री र पोसाक उपलब्ध गराउने गरेको गुनासो व्यक्त गरेका थिए । छात्रवृत्ति तथा शैक्षिक सहुलीयतको दुरूपयोगमा जिल्ला शिक्षा कार्यालय र विद्यालय दुवै दोषी रहेको

सरोकारवालाहरूको भनाई थियो । पाठ्यपुस्तक वितरणमा नै वर्षेनि करोडौंको अनियमितता हुने गरेको अभिभावकहरूको भनाई थियो । छात्रवृत्तिको रकम दुरूपयोग विद्यालय वा प्र.अ. ले मात्र गर्न नसक्ने र यसमा शिक्षा कार्यालयको समेत प्रत्यक्ष र अप्रत्यक्ष संलग्नता रहने गरेको शिक्षकहरूको भनाई रहेको पाईयो । छात्रवृत्ति रकम नगद वा जिन्सीको दुरूपयोग रोक्न जिल्ला शिक्षा कार्यालय क्षेत्रीय शिक्षा निर्देशनालय विभाग र मन्त्रालयका साथै अन्य सरकारी एवम् गैर सरकारी संघ सस्थाहरूले नियमित अनुगमन गर्नुपर्ने सुझाव सरोकारवालाहरूबाट प्राप्त भएको छ । छात्रवृत्ति रकम दुरूपयोग र चुहावट गर्ने माथि कारवाही गरी गल्ती गर्नेलाई कारवाही हुन्छ भन्ने विस्वास दिलाउनु पर्ने भनाई अध्ययनमा परेका ब्यक्तिहरूको थियो । जिल्ला शिक्षा कार्यालय छात्रवृत्ति कार्यक्रमको वितरक मात्र नभई प्रभावकारी कार्यान्वयन गर्ने, नियन्त्रण गर्ने र सतर्क तथा सचेत गराउने जिम्मेवार कार्यालय समेत हो भन्ने सन्देश दिन सक्नु पर्ने धारणा सरोकारवालाहरूको रहेको पाईयो ।

यसरी अध्ययनका कममा छात्रवृत्ति कार्यक्रमप्रति धेरै समस्याहरू रहेको पाईयो । ती समस्यालाई विश्लेषण गर्दा प्राथमिक तथा निम्नमाध्यमिक (१-८) तहका सम्पूर्ण दलित तथा सम्पूर्ण छात्रा विद्यार्थीहरूलाई कोटा उपलब्ध नहुँदा विद्यालयमा छात्रवृत्ति वितरण गर्दा सबैलाई भन्ने तर नवाँडिने समस्या देखिन्छ । छात्रवृत्ति जिल्लामा निकासा भई सक्दा पनि समयमा नै कोटाको निर्धारण र निर्णय गरी विद्यालयमा रकम निकासा गर्ने कार्यमा ढिलासुस्ती हुने समस्या देखिन्छ । छात्रवृत्ति लिनको लागि मात्र विद्यालयमा आउने र नियमित नआउने बाबालिकालाई नदिदाँ विरोधको सामना गर्नु पर्ने समस्या देखिन्छ । छात्रवृत्तिको रकम कम भएकाले यो महंगीमा यतिले के हुन्छ भन्ने भावनाले उक्त रकम लापरबाही हुने समस्या देखिन्छ । छात्रवृत्ति वितरण गर्ने समयको नजिक वरपरमा विद्यालयमा आउने र छात्रबृत्ति पाएपछि विद्यालय छाड्ने नियमित र निरन्तर विद्यालय नआउने समस्या देखिन्छ । छात्रवृत्ति लिन आएमा ५ वर्ष पूरा नभएका बालबालिकाहरू समेत विद्यालयमा भर्ना हुन आउने हुनाले कक्षा १ मा विद्यार्थी संख्या अधिक हुन गई शिक्षण गर्न समस्या देखिन्छ । विद्यालय तहमा कोटा प्रणालीमा वितरण हुने छात्रवृत्ति सबै विद्यार्थीलाई नपुग्ने हुनाले विद्यार्थी र अभिभावकमा छात्रवृत्तिप्रति नै नकारात्मक धारणाको विकास हुने समस्या देखिन्छ । अभिभावकहरूले शैक्षिक सत्रको प्रारम्भमा आफ्ना छोरा छोरीलाई विद्यालयमा भर्ना गराउने अवधिमा भर्ना नगराउने र सो समय भन्दा पछि भर्ना गराउने विद्यार्थीको अभिलेख पठाउन नसक्ने र यस्ता विद्यार्थीले छात्रवृत्ति नपाउँदा प्र.अ.र शिक्षकसँग झगडा

गर्ने समस्या देखिन्छ । छात्रवृत्ति विवरणको प्रभावकारिता तथा छात्रवृत्ति वितरण गरे नगरेको अनुगमन र निरीक्षण नहुने समस्या देखिन्छ । शोध अध्ययनको क्रममा विद्यालयहरूमा हालसम्म जि.शि.का.र स्रोत व्यक्ति तथा स्थानीय निकायहरूबाट कुनै पनि निरीक्षण भएको छैन । कक्षा-१ मा नयाँ भर्ना भएका विद्यार्थीहरूले छात्रवृत्ति वितरणमा कम प्राथमिकता पाएको देखिन्छ । यसबाट कक्षा १ मा भर्ना हुनका लागि प्रोत्साहनको रूपमा छात्रवृत्तिले काम गर्न सकेको देखिन्दैन । गरिब विपन्न परिवारका विद्यार्थीहरू पहिचान गरी त्यसको तथ्यगत रूपमा पहिचान नगरी अनुमानको भरमा छात्रवृत्ति वितरण गर्ने गरेको पाईन्छ । तथ्यगत रूपमा गरिब र विपन्न परिवारका बाबालिकाहरू छनौट गर्ने संयत्रको विकास नहुनु समस्याको रूपमा देखिन्छ । सस्तो लोकप्रियताका लागि छात्रवृत्ति कनिका छराई गर्नाले छात्रवृत्ति रकमको दुरूपयोग हुने गरेको पाइयो ।

## ४.४ छात्रवृत्ति कार्यक्रमको मूल्याङ्कन

विद्यालयका वितरीत छात्रवृत्ति कार्यक्रमप्रति सामाजिक दृष्टिकोण विषयक शोधपत्र तयार गर्ने क्रममा छात्रवृत्ति कार्याकमको विश्लेषणात्मक मूल्याङ्कन गर्न प्रयोग गरिएको प्रश्नावली र अध्ययनका कममा गरिएको सामुहिक अर्न्तकियाका सहभागीहरूबाट प्राप्त विचार, धारणाहरूको व्याख्या विश्लेषण गर्दा छात्रवृत्तिका सम्बन्धमा सकारात्मक र सुधारात्मक पक्षहरू प्राप्त भएका छन् ।

विद्यालयका वितरित छात्रवृत्ति कार्यक्रमप्रति सामाजिक दृष्टिकोण विषयक शोधपत्र तयार गर्ने क्रममा छात्रवृत्ति कार्यकमको विश्लेषणात्मक मूल्याङ्कन गर्न प्रयोग गरिएको प्रश्नावली र अध्ययनका कममा गरिएको सामुहिक अर्न्तकृयाका सहभागीहरूको धारणाबाट छात्रवृत्तिले दलित, उत्पीडित र विपन्न समुहलाई सहयोग गर्नु सरकारको राम्रो पक्ष रहेको पाईयो । छात्रवृत्तिले विपन्न वर्गलाई स्कुल जाऊँ भनेर सचेत गरेको अभिभावकको वुझाई रहेको पाईयो । छात्रवृत्ति र शैक्षिक सहुलियतले विपन्न वर्गको शिक्षामा सहभागिता वढाउन महत्त्वपूर्ण भूमिका खेलेको विद्यालय निरीक्षक तथा शिक्षकहरूको भनाई रहेको छ । छात्रवृत्तिले शिक्षाप्रति विमुख समुदायलाई शिक्षा आर्जनका लागि उत्प्रेरित गरेको सरोकारवालाहरूको भनाई थियो । सम्पूर्ण दलित र सम्पूर्ण छात्रालाई छात्रवृत्ति दिने व्यवस्थाले दलित सिमान्तकृत तथा महिलालाई शिक्षाको मूल धारमा ल्याउन सहयोग पुग्न गएको र यसले शिक्षाको राष्ट्रिय सुचकहरूमा महत्त्वपूर्ण र सकारात्मक परिवर्तन हुने अध्ययनमा परेका व्यक्तिहरूको वुझाई छ ।

दलित, विपन्न वर्गको सामाजिकिकरणमा छात्रवृत्ति कार्यक्रमले सहयोग गर्नुका साथै छात्रवृत्ति कार्यक्रमले बालबालिकाहरूमा सामाजिक समानताको भावना विकास गर्न सहयोग पुगेको शिक्षकहरूको भनाई पाईएको छ । छात्रवृत्ति रकमले विद्यार्थीलाई शैक्षिक सामग्री किन्न केही हदसम्म सहयोग पुग्नुलाई सवै पक्षबाट सकारात्मक रूपमा लिइएको छ । छात्रवृत्तिले दलित र पिछडिएका समुदायलाई पढनु पर्छ र पढाउनु पर्छ भन्ने सन्देश दिएको हुन्छ । दलित तथा विपन्न र जेहेन्दार विद्यार्थीलाई सहयोग गर्नु सरकारको राम्रो पक्ष हो । छात्रवृत्ति रकमले बाबालिकाहरूले आफूले चाहेको सामग्री किन्न सक्दछन । छात्रवृत्ति कार्यक्रमले दलित, विपन्न समुदायका बालबालिकाहरूको विद्यालय भर्ना दर बढाइएको छ । विद्यालय नजाने बाबालिकाहरूले छात्रवृत्ति पाउने आशमा विद्यालय प्रवेश गरेका छन् । थोरै भए पनि गरिब, विपन्न वर्गलाई राहत भएको छ ।

दलित, विपन्न तथा जेहेन्दार बालबालिकाहरूलाई भविश्यको लागि जाँगर बढाएको छ । आर्थिक रूपमा विपन्न वर्गलाई केही आर्थिक सहयोग भएको छ । शिक्षाप्रति बिमुख समूहलाई शिक्षाका लागि उत्प्रेरित गर्ने माध्यम भएको छ । समानताको भावना विकास गर्न सहयोग पुगेको छ । समाजमा लैङ्गिक भेदभाव अन्त्य गर्न समाजलाई परिवर्तन गराउन अग्रसरता वढाउन सहयोग पुगेको छ । दलित तथा विपन्न परिवारको शिक्षामा सहभागिता वृद्धि भई साक्षरतामा वृद्धि भएको छ । दलित वर्गका बालबालिकाहरू गैर दलितका बालबालिकाहरूसँग समाहित भएका छन् ।

सामाजिक समानताको भावना विकास गर्न सहयोग पुगेको छ । दलित र विपन्न बालबालिकाहरूलाई मूलधारमा ल्याउन प्रयास गरेको छ । छात्रवृति कार्यक्रमले शिक्षा सिकाइमा सकारात्मक विभेद वढाउने प्रयास गरेको छ । विद्यालय प्रति सकारात्मक धारणा विकास गर्न सहयोग गरेको छ । छात्रवृत्ति कार्यक्रमले दलित समुदायका बालबालिकाहरू उत्प्रेरित भएका छन । समाग्रीमा छात्रवृत्तिले सकारात्मक प्रभाव पारेको छ ।

विद्यालय छात्रवृत्ति कार्यक्रमको सामाजिक उपादेयता विषयक शोधपत्रको शोध खोज र अध्ययन अनुसन्धानबाट छात्रवृत्ति कार्यक्रम सम्वन्धी देहायका नकारात्मक पक्षहरू प्राप्त भएका छन । विद्यालय तहमा सञ्चालन हुने छात्रवृत्ति कार्यक्रमहरूको संख्या प्रकृति र मात्रामा क्रमश वृद्धि हुदै गएपनि

विद्यालय छात्रवृत्ति कार्यक्रमप्रति समाजको दृष्ट्रिकोण पूर्ण रूपमा सकारात्मक हुन नसकेको अध्ययनको क्रममा देखिएको छ । छात्रवृत्ति कार्यक्रम आर्दशात्मक रूपमा अधि बढेको सरोकारवालाको भनाई पाइयो । लोकप्रियताका लागि छात्रवृत्ति कोटा वितरण गर्ने प्रचलनले छात्रवृत्तिको रकम अति न्यून हुन गई हात्तीको मुखमा जिरा जस्तै भएको अभिभावकको गुनासो पाईयो । सम्पूर्ण दलित, सम्पूर्ण छात्रालाई छात्रवृत्ति दिनु, आर्थिक पक्षलाई ख्याल नदिइनु, सस्तो लोकप्रीयता मात्र भएको उनीहरूको भनाई रहेको छ । उनीहरूका अनुसार छात्रवृत्ति जातजाति वा लिङ्गभन्दा आर्थिक रूपले विपन्न र जेहेन्दारलाई छात्रवृत्ति दिईनु पर्दछ । छात्रवृत्ति पाएका विद्यार्थीको उपलब्धी र व्यवहार व्याख्या विश्लेषण नगरी वर्षपिच्छे छात्रवृत्ति रकम दिने प्रवृतिले दलित अल्प सख्यक समुदायमा परनिर्भरता बढाएको सरोकारवालाहरूको भनाई रहेको पाईयो । शैक्षिक चेतनाको कमिले छात्रवृत्ति पाएर दलित अभिभावकहरूमा अहङ्कार र अभिमान बढेको अनुभव गैर दलित अभिभावकहरूले गरेको देखियो । दातृ समुदायलाई देखाउन केन्द्रले र माथिल्लो निकायमा देखाउन जिल्ला तथा विद्यालयले हचुवा र अनुमानको भरमा छात्रवृत्तिको लागि तथ्याङ्क भर्ने, सम्प्रेषण गर्ने, कोटा निर्धारण गर्ने र वितरण गर्ने प्रवृत्तिलाई अति नकारात्मक पक्षको रूपमा सरोकारवालाहरूले लिएका छन् । छात्रवृत्ति वितरण गर्ने विशिष्ट आधारहरू तयार नहुनु र वितरणमा प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिको तजविजमा निर्णय हुनु जस्ता कारणले छात्रवृत्ति वितरणमा पक्षपात हुने गरेको अभिभावकको गुनासो पाईयो । छात्रवृत्ति रकम कक्षागत लागतअनुसार निर्धारण गरी कक्षा बढ्दै जादा छात्रवृत्ति रकम पनि बृद्धि गर्नु पर्नेमा त्यसो नगरी सवै कक्षामा एउटै रकम कायम गरिनु पनि तर्क सङ्गत नरहेको भनाईहरू प्राप्त भएका छन् ।

छात्रवृत्ति रकम आस लाग्दो भए पनि अत्याधिक न्यून छ । अभिभावकहरूबाट छात्रवृत्ति शिक्षाको लागि आफ्ना बालवालिकाहरूका निम्ति खर्च नगरी दुरूपयोगको रूपमा खल्ती खर्च भएको छ । छात्रवृत्ति रकम किस्ताबन्दी प्रणालीमा वितरण नगरी एकै पटक वितरण गरिने हुँदा दुरूपयोग भएको छ । छात्रवृत्ति कार्यक्रमको निरीक्षण र अनुगमन जिम्मेवारीपुर्ण छैन । छात्रवृत्ति वितरणमा निश्पक्षता र एकरूपता भएको छैन ।

छात्रवृत्ति वितरण गर्ने समय र वितरण प्रक्रिया आधारहिन रूपमा कार्यान्वयन भएको छ। दलित, विपन्न तथा जेहेन्दारलाई छात्रवृत्ति सुविधा प्रदान गर्नु पर्ने कारण सेमिनार, अन्तरकृया आदिबाट प्रचार प्रसार भएको छैन। दलित छात्रवृत्ति नियमित बर्षेपिच्छे बाड्ने प्रबृतिले परनिर्भर हुने प्रबृत्ति बढाएको छ। छात्रवृत्ति वितरण प्रणालीको प्रक्रिया त्रुटिपूर्ण छ। .छात्रवृत्ति रकम समयमा नै विद्यार्थीको हातमा पुगेको छैन। छात्रवृत्ति रकम शिक्षा र वालकका लागि नै प्रयोग गरिएको छैन। दलित छात्रवृत्ति भनेको तल्लो जातिले पाउने छात्रवृत्ति भनी विभेद गरेको पाइएको छ। दलित छात्रवृत्ति कार्यक्रमले अन्य गरीबीको रेखामुनी रहेको विपन्न गैर दलित समूदायका जातिहरूमा ईर्ष्याको भावना बढाएको छ। स्वच्छ सामाजिक संरचनामा जातीय विभाजन गर्न बल पुऱ्याएको भनाइ समेत अध्ययनका क्रममा पाइएको छ। छात्रवृत्ति वितरण गर्ने विशिष्ट आधारहरू तयार नगरी पक्षपात पूर्ण तरीकाले वितरण गरेको पाइएको छ। आफ्ना बालिकाको निमित्त सक्रिय हुनुपर्ने अभिभावकलाई निष्क्रिय बनाएको छ। शैक्षिक चेतनाको कमिले छात्रवृत्ति पाएर दलित अभिभावकहरूमा अहंकार र अभियान बढाएको छ। छात्रवृत्ति रकम मुद्रा स्फुर्ती र महंगीसँगै पुनरावलोकन गरिएको छैन।

केन्द्र,जिल्ला र विद्यालयमा हचुवा र अनुमानको भरमा छात्रवृत्तिको लागि तथ्याङ्क भर्ने सम्पूर्ण गर्ने कोटा निर्धारण गर्ने र कोटा वितरण गर्ने प्रबृत्ति परम्परागत भएको छ।

## ४.५ छात्रवृत्ति कार्यक्रम प्रभावकारी बनाउने उपाय

विद्यालय छात्रवृत्ति कार्यक्रमको समाजिक उपादेयता शीर्षकको शोध तयार गर्ने क्रममा गरिएको छात्रवृत्ति कार्यक्रम प्रभावकारी बनाउने उपायहरूको अध्ययनबाट प्राप्त धारणाहरूको आधारमा छात्रवृत्ति प्रभावकारी बनाउनेउपायहरू यस प्रकार उल्लेख गर्न सकिन्छ।

### ४.५.१ उपयुक्त कानुनी ब्यवस्था

विद्यालय तहको शैक्षिक ब्यवस्थापन सम्बन्धि कानुनी प्रश्नहरूको उचित सम्बोधन गर्न आवश्यक देखिएको छ। विद्यालय तहमा सरकारी र निजि लगानी, सरकारी र निजी ब्यवस्थापन वा ब्यवस्थापन साझेदारी, शिक्षण सिकाइको भाषा, विभिन्न शैक्षिक निकायहरूको अधिकार र कर्तब्य, स्थानीय निकायको शिक्षा र छात्रवृत्ति कार्यक्रमको दायित्व आदिको बारेमा स्पष्ट कानुनी ब्यवस्था गर्नु पर्दछ।

समय समयमा सरोकारवालासँग गरीएका सहमतिहको कार्यान्वयन गर्ने कानुन निमार्ण गरी शैक्षिक व्यवस्थामा स्पष्ट र एकीकृत कार्ययोजना विकास गर्न अतिआवश्यक छ ।

### ४.५.२ तथ्याङ्क व्यवस्थापनको सुढृढीकरण

विद्यालय छात्रवृत्ति कार्यक्रम प्रभावकारी बनाउन छात्रवृत्ति प्राप्त गर्नका लागि तथ्याङ्क बढाएर देखाउने प्रवृतिलाई नियन्त्रण गर्न तथ्याङ्क व्यवस्थापनमा आधुनिकिकरण विद्युतीय सूचना प्रणाली लागू गर्नु पर्ने सुझावहरू प्राप्त भएका छन् । विद्यालयको सेवा क्षेत्रको जनसङ्ख्याको बनौट, महिला, दलित, जनजाजाति, द्वन्द्व पिडित, लोप उन्मुख तथा सिमान्तकृत जातीको सङ्ख्या जस्ता पक्षह समेटेर परिचय पत्र वितरण गरी छात्रवृत्ति उपलब्ध गराउनु पर्दछ । विद्यार्थीहरू एक भन्दा बढी विद्यालयमा भर्ना हुने समस्यालाई निराकरण गर्न फोटो सहितको परीचय पत्रको व्यवस्थालाई कढाइका साथ लागू गर्नु पर्दछ ।

### ४.५.३ प्रशासनिक पारदर्शिता र व्यवस्थापन चुस्तता

विद्यालय छात्रवृत्ति कार्यक्रमलाई  प्रभावकारी बनाउन शैक्षिक प्रशासनका अङ्गहलाई पारदर्शि चुस्त बनाउनु पर्दछ । केन्द्र, जिल्ला र विद्यालय तहमा हुने प्रसासनिक ढिला सुस्ती, आलटाल र जिम्मेवारी पन्छाउने प्रवृत्तिलाई दुरुत्साहन गर्नु पर्दछ । प्र.अ. नियुक्ति शिक्षक सरुवा, संचयकोष कट्टी, कर कट्टी तथा भौतिक संरचना निर्माणको फरफारक जस्ता बहानामा छात्रवृत्ति वितरण कार्यक्रमलाई प्रभावित हुन नदिन विशेष ध्यान दिनु पर्दछ ।

### ४.५.४ छात्रवृत्तिका लागि उपयुक्त आधारहरूको खोजी र अवलम्वन

विद्यालय छात्रवृत्ति कार्यक्रमलाई  प्रभावकारी बनाउन छात्रवृत्ति कोटा वितरणका वर्तमान आधारहलाई समयानुकूल मूल्याङ्कन, परिवर्तन र परिमार्जन गर्नु पर्दछ । यसका लागि छात्रवृत्तिका आधारहलाई पूनर्मूल्याङ्कन गर्न समय समयमा कार्यदल बनाइ त्यसको प्रतिवेदनका सिफारिसका आधारमा छात्रवृत्तिका उपयुक्त र प्रभावकारी आधारह लागू गर्नु पर्दछ । साथै छात्रवृत्तिको रकम पनि कक्षागत लागतका आधारमा पूनरावलोकन गरी न्युनतम आवश्यकता परिपुर्ती गर्न सक्ने रकमको व्यवस्था गर्नु पर्दछ ।

### ४.५.५ विद्यार्थी भर्ना र स्थानान्तरणका प्रभावकारी व्यवस्थापन

विद्यालय छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यार्थी भर्ना पद्धतिलाई निश्चित समयमा सञ्चालन गर्ने र सो समयभन्दा पछि कुनै विद्यार्थीलाई भर्ना नलिने कानुनी व्यवस्था गर्नु पर्दछ। सम्बन्धित विद्यालयको स्थानान्तरण प्रमाण पत्र विना एक विद्यालयबाट अर्को विद्यालयमा हुने स्थानान्तरणलाई प्रतिबन्द गरिनु पर्दछ। पाँच वर्ष भन्दा कम उमेरका बालबालिकाहलाई कक्षा एकमा भर्ना देखाउने चलनको अन्त्य गर्नु पर्दछ। बाल कक्षा व्यवस्थापनलाई विद्यालय संरचनामा समावेश गरी सो तहमा पनि छात्रवृत्ति व्यवस्था गर्नु पर्दछ।

### ४.५.६ नियमित र प्रभावकारी विद्यालय निरीक्षण र अनुगमन

विद्यालय तहको  छात्रवृत्ति लगायत हरेक क्रियाकलापलाई प्रभावकारी बनाउन नियमित र प्रभावकारी विद्यालय निरीक्षण अनुगमन गरिनु पर्दछ। विद्यालय निरीक्षकहरू विद्यालय नै नपुग्ने परम्परालाई परिवर्तन गरिनु पर्दछ। विद्यालय सुपरिवेक्षण प्रणालीलाई व्यवस्थित गर्न सके विद्यालय तथ्याङ्क चुस्त र दुरुस्त बनाउन र विद्यालय छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण सहयोग पुग्दछ। साथै विद्यालय अनुगमन गर्न  शिक्षक अभिभावक संघ र व्यवस्थापन समितिका सदस्यहरूको अनुगमन समिति बनाइ सक्रिय बनाउनु पर्दछ। यस्तो संयन्त्रले छात्रवृत्ति रकमको सदुपयोग गर्न र विद्यालय तथा अभिभावक बिचको सम्बन्ध विकास गर्न महत्त्वपूर्ण सहयोग पुग्दछ।

# परिच्छेद पाँच : प्राप्ति निष्कर्ष र सुझाव

## ५.१.प्राप्ति

यो अध्ययन प्रतिवेदन तेह्रथुम जिल्लामा विद्यालय छात्रवृत्ति कार्यक्रमको सामाजिक उपादेयता नामक शीर्षकमा तयार पारिएको छ । यो अध्ययन गर्ने क्रममा प्रश्नावली तथा अन्य सहायक स्रोतको प्रयोग गरिएको छ । उक्त तथ्याङ्क, तथ्य तथा विचार दृष्टिकोण र सूचना संकलनका लागि जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक, म्याङलुङ स्रोत केन्द्रका स्रोतब्यक्ति, प्र.अ. तथा शिक्षक, विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष र अभिभावकहरू उद्देश्यमुलक नमुना छनौटका आधारमा ३३ जना छनौट गरिएको छ ।

जसबाट प्राप्त तथ्याङ्क विचार र दृष्ट्रिकोणहरूको व्याख्या र विश्लेषणबाट निम्न अनुसारको प्राप्ति हुन आएको छ । विद्यालय छात्रवृत्ति कार्यक्रम नेपाल जस्तो विकासशील देशका लागि अति आवश्यक छ । छात्रवृत्ति कार्यक्रमबाट विद्यार्थी, अभिभावक र समुदायले महत्त्वपूर्ण लाभहरू प्राप्त गरीरहेको पाइयो । छात्रवृत्ति कार्यक्रमले विपन्न वर्गका विद्यार्थीहलाई पाठ्यपुस्तक तथा स्टेशनरी, विद्यालय पोषाक, झोला आदि व्यवस्था गर्न सहयोग पुऱ्याएको पाइयो । विद्यालय छात्रवृत्ति कार्यक्रमले समाजमा दलित, महिला, सिमान्तकृत, लोपोन्मुख तथा विपन्नको साक्षरता बृद्धि गर्न, तिनीहरूको शिक्षामा पहुँच बृद्धि गरी उनीहरूलाई समाजको मुलधारमा ल्याउन मद्दत गरेको छ । छात्रवृत्ति कार्यक्रमले केही हदसम्म आर्थिक राहत प्रदान गरेको छ । कार्यक्रमले दलित, बिपन्न तथा जेहेन्दार बालबालिकाहरूलाई भविश्यको लागि जाँगर बढाएको छ । विद्यालय शिक्षाबाट बिमुख समुहलाई शिक्षाका लागि उत्प्रेरित गर्ने माध्यम भएको छ । समानताको भावना विकास गर्न सहयोग पुगेको छ । समाजमा विद्यमान रहेको लैङ्गिक, सामाजिक तथा जातीय भेदभाव अन्त्य गरी समाजलाई परिवर्तन गराउने अग्रसरता बढाउन सहयोग पुगेको छ । दलित तथा बिपन्न परिवारको शिक्षामा सहभागिता वृद्धि भई साक्षरतामा वृद्धि भएको छ । दलित वर्गका बालबालिकाहरू गैर दलितका बालबालिकाहरूसँग समाहित भएको पाइयो । छात्रवृत्ति कार्यक्रमप्रति अभिभावकहरूको चासो बढेको पाइयो । ३३% अभिभावकहरू ६१.६% प्र.अ.तथा शिक्षक छात्रवृत्ति कार्यक्रमप्रति सकारात्मक दृष्टि राख्दछन् । छात्रवृत्ति पाए पश्चात विद्यार्थी उपस्थिति र उनीहको शैक्षिक उपलब्धिमा सुधार आएको छ । छात्रवृत्तिको रकमप्रति अभिभावकहरू सन्तुष्ट हुन नसकेको पाइएको छ । छात्रवृत्ति कोटा वितरण पारदर्शी र प्रभावकारी हुन सकिरहेको छैन । छात्रवृत्तिका लागि विद्यार्थी छनौट

प्रक्रियामा एक रूपता नभएको पाइयो । छात्रवृत्ति कार्यक्रममा आधारहरू आवधिक रुरूमा पुनरावलोकन गर्न जरुरी छ । सरकारी नीति अनुरूप छात्रवृत्ति कार्यक्रमहरू कार्यन्वयन भएको पाइएको छैन ।

नियमित रूपमा विद्यालयमा विद्यार्थी पठाउने र उच्च शैक्षिक उपलब्धी प्राप्त गर्ने विद्यार्थीहरूका अभिभावकलाई समेत पुरस्कार दिने व्यवस्था गर्नु  पर्ने मत प्राप्त भएका छन् । छात्रवृत्ति वितरण गर्दा अनिवार्य रूपले व्यवस्थापन समितिको बैठकबाट निर्णय गराई अभिभावक भेला गराई छात्रवृत्तिको महत्त्व दर्शाई वितरण गर्नु पर्दछ । छात्रवृत्ति कार्यक्रमको अनुगमन, नियन्त्रण र निर्देशनका लागि जिल्ला देखि गाउँस्तरसम्म निश्चित संयन्त्र बनाई सञ्चालन गर्नु पर्ने सुझाव पाइयो । .छात्रवृत्ति जात विषेशका आधारमा नभई वास्तविक विपन्न वर्गलाई दिनु पर्ने मत पाइयो । छात्रवृत्ति लक्षित वर्गसम्म प्रभावकारी रूपले पुग्न नसकेको पाइयो ।

## ५.२ निष्कर्ष

तेह्रथुम जिल्ला म्याङ्लुङ स्रोत केन्द्रका सामुदायिक विद्यालयहरूका अभिभावक, प्र.अ. तथा शिक्षकहलाई आधार मानी गरिएको विद्यालय छात्रवृत्ति कार्यक्रमको सामाजिक उपादेयता शीर्षकको शोध अध्ययनका क्रममा प्राप्त नतिजाको आधारमा निम्नानुसार निष्कर्ष निकालिएको छ ।

छात्रवृत्ति कार्यक्रमबाट शिक्षाको मुलधारमा समावेश भएका बालबालिकाको माध्यमबाट समाजमा पिछडिएका समुदायलाई समाजको मुलधारमा ल्याउन सहयो पुगेको छ । छात्रवृत्ति कार्यक्रमबाट अभिभावकहरूले आर्थिक, समाजिक, मनोवैज्ञानिक र भौतिक रुरूमा लाभ लिइरहेका छन्  । छात्रवृत्ति कार्यक्रमले दलित, विपन्न तथा जेहेन्दार विद्यार्थीलाई आर्थिक तथा भौतिक सहयोग पुग्न गई उनीहरूमा सामुहिक प्रतिस्पर्धा र समानताको भावना विकास गरेको छ । विद्यालय छात्रवृत्ति कार्यक्रमले महिला, दलित तथा विपन्न समुदायका मानिसहरूलाई सामुहिक भावना र सामाजिक चेतनाको विकास गर्दै बढ्नु पर्छ र पढाउनु पर्छ भन्ने सन्देश प्रबाह गरेको छ । छात्रवृत्ति वितरणले गर्दा दलित तथा विपन्न बालबालिकाहरूको विद्यालय शिक्षामा सहभागिता र उत्तीर्णदरमा उल्लेखनीय वृद्धि गर्न सहयोग पुगेको छ । छात्रवृत्ति वितरणलाई औपचारिक समारोह गरी वितरण गरिनु पर्दछ भन्ने कुरा अधिकाशं अभिभावकहरूको मत पाइए पनि विद्यालयमा सामान्य ढङ्गबाट अभिभावक बोलाएर वा विद्यार्थी

स्वयम्लाई छात्रवृत्ति वितरण गर्ने गरिएको छ । छात्रवृत्ति वितरणको प्रभावकारी निरीक्षण, छड्के तथा आकस्मिक निरीक्षण हुने गरेको छैन । छात्रवृत्ति वितरण प्रक्रिया र समय प्रभावकारी नभएकाले छात्रवृत्तिले अपेक्षाकृत प्रभाव पार्न सकेको देखिएन । छात्रवृत्तिको प्रयोग र उपयोग सम्बन्धमा जिल्ला, स्रोत केन्द्र र विद्यालयले अभिमुखी कार्यक्रम आयोजना गर्नु पर्ने आवश्यकता महसुस गरिएको छ । समग्रमा विद्यालय तहको छात्रवृत्ति कार्यक्रमले शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पारेको देखिएको छ ।

शिक्षा मानव विकास सुचाङ्कको महत्त्वपूर्ण सुचक हो । शैक्षिक उपलव्धीलाई जनजाति, दलित, अल्पसंख्यक, सिमाङ्तकृत, भौगोलिक क्षेत्र, ग्रामिण र शहरीक्षेत्र तथा धर्मका आधारमा विखण्डित गरी व्याख्या विश्लेषण गर्न आवश्यक हुन्छ । यस्तो विश्लेषणबाट तुलनात्मक रूपमा शिक्षाको पहुँच नभएका वर्गलाई समान र न्यायोचित सहभागिता सुनिश्चित गर्न छात्रवृत्ति कार्यक्रम अतिआवश्यक हुन्छ । त्यसैले सबै जनजाति, अल्पसंख्यक तथा सिमाङ्तकृत समुदाय, महिला तथा अपाङ्गको शैक्षिक उपलव्धी वृद्धि गर्न छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक छ । छात्रवृत्ति कार्यक्रमलाई समावेशीकरणको सिद्धान्त अनुरूप सञ्चालन गरिनु पर्दछ । छात्रवृत्ति कार्यक्रमले जातिगत, लिङ्गगत र भौगोलिक आधारमा समानता कायम गर्न सक्नु पर्दछ । सम्पूर्ण दलित तथा छात्रा छात्रवृत्ति कार्यक्रमले समानता र समताको सिद्धान्तलाई अनुसरण गरेको पाइँदैन । छात्रवृत्ति कोटा वितरण प्रणाली पारदर्शि नभएको पाइन्छ । विद्यार्थीको तथ्याङ्क बढाएर देखाउने प्रवृतिले सामुदायिक विद्यालयमा छात्रवृत्ति रकम सदुपयोग हुन सकेको छैन साथै छात्रवृत्ति कार्यक्रमले समेट्नु पर्ने वास्तविक विद्यार्थीलाई समेट्न नसकेको पाइएको छ । अतः छात्रवृत्ति कार्यक्रमको समसामयिक पुनरावलोकन हुन नसकेकोले प्रभावकारी हुन सकेको देखिँदैन ।

## ५.३ सुझावहरू

विद्यालय तहमा वितरित छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित, पारदर्शि र प्रभावकारी बनाउन निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ :

क) सम्पूर्ण परिवारको सामाजिक तथा आर्थिक स्तरीकरण गरी परिचय पत्रको आधारमा शैक्षिक सहुलियत तथा छात्रवृत्ति दिने व्यवस्था गरिनु पर्दछ ।

ख) छात्रवृत्ति कार्यक्रम कार्यान्वयन निर्देशिका बनाई प्रभावकारी रूपमा लागू गरिनु पर्दछ ।

ग) विद्यार्थी तथ्याङ्कलाई चुस्त र दुरुस्त बनाउन स्रोत केन्द्र र स्रोत व्यक्तिको भूमिका प्रभावकारी बनाई एकिकृत तथ्याङ्कको व्यवस्था गरिनु पर्दछ ।

घ) छात्रवृत्ति वापत पाउने रकम वा सामग्री समय अनुकुल वृद्धि गरिनु पर्दछ । साथै समयमा नै छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

ङ) छात्रवृत्ति कार्यक्रमलाई उपयोगी बनाउन सरोकारवालाहरूलाई छात्रवृत्ति सम्बन्धी आवश्यक प्रशिक्षणको व्यवस्था गरिनु पर्दछ जसले गर्दा छात्रवृत्ति रकम सही कार्यमा प्रयोग भई देशको शैक्षिक विकासमा टेवा पुग्न सक्दछ ।

च) छात्रवृत्ति रकमलाई बास्तविक अर्थमा विद्यार्थीहरूको शैक्षिक विकासका निमित्त प्रयोग गर्ने वातावरणको विकास गरिनुपर्दछ ।

छ) छात्रवृत्ति कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार भए नभएको अनुगमन गर्न प्रभावकारी समावेशी अनुगमन संयन्त्र निर्माण गरिनुपर्दछ ।

ज) प्रत्येक विद्यालयमा छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रूपले सञ्चालन गर्न कानुनी व्यवस्था मिलाउनु पर्दछ ।

## सन्दर्भसामग्रीहरू

अर्याल, बैकुण्ठप्रसाद र साथीहरू  (२०६४), **शैक्षिक विकासका विविध पक्षहरू,** काठमाडौँ : मकालु प्रकासन ।

कार्की, भक्तबहादुर (२०६५), **झापा जिल्लाका सामुदायिक विद्यालयमा ५०% छात्रा छात्रवृत्तिले खुद भर्ना दरमा पारेको प्रभाव,** अप्रकाशित शोधपत्र ।

कोइराला र श्रेष्ठ (२०६४), **शैक्षिक व्यवस्थापन र सङ्गठानात्मक व्यवहार,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६१), **शैक्षिक अनुसन्धान पद्धति,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार

छात्रवृत्ति वितरण निर्देशिका, शिक्षा विभाग(२०६३)

पाण्डे, रेनुका (२०६३), **बाग्लुङ जिल्लामा प्राथमिक तहको छात्रवृत्तिले विद्यार्थी नियमितता र शैक्षिक उपलव्धीमा पारेको प्रभाव, त्रि. वि. शिक्षाशास्त्र सङ्काय स्नातककोत्तर तह, सुर्खेत बहुमुखी क्याम्पस** अप्रकाशित शोधपत्र

पौडेल, लेखनाथ (२०५५), **शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा**, काठमाडौँ : प्रतिमा पुस्तक भण्डार

बलाईर, भोजबहादुर (२०६४), **शिक्षामा सहभागितात्मक अनुगमन**, शैक्षिक स्मारिक शिक्षा विभाग

भावुक, परजिवी (२०६५), **नेपालमा योजनाबद्ध विकास तथा तीन वर्षे अन्तरिम योजना** *(२०६४-०६७),* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार

रावत, बमबहादुर (२०६२), **प्राथमिक विद्यालय तहमा वितरित दलित छात्रवृत्ति प्रभावकारीता,** अप्रकाशित शोधपत्र

शर्मा चिरञ्जीवी र शर्मा निर्मला (२०५६), **शिक्षाको दर्शन शास्त्रीय आधारहरू**, काठमाडौँ : एम.के.पव्लिर्सस एण्ड डिस्ट्रिव्युर्टस ।

सेरिड (२०६०), **फर्मेटिभ अनुसन्धान**, काठमाडौँ

रावत (२०५८),  **प्राथमिक तहमा छात्रावृत्ति प्रभावकारिता**, काठमाडौँ,

पाण्डे, दामोदर (२०६१), **शिक्षा विकेन्दीकरणको अवस्था,** हिमाल खबरपत्रिका २०६१ फागुन

अधिकारी र पौडेल, (२०६६), **माध्यमिक  शिक्षा दिग्दर्शन** काठमाडौँ, आशिष पुस्तक भण्डार

## विद्यालय छात्रवृत्ति कार्यक्रमको सामजिक उपादेयता

## अनुसूची १

### वि.नि. र स्रोत व्यक्तिका लागि अन्तरवार्ता प्रश्नावली

नाम :-.........................                                    कार्यक्षेत्र ..................

१) विद्यालय तहमा कस्ता छात्रवृत्ति कार्यक्रम आवश्यक छन् ?

......................................................................

२) कसलाई आवस्यक छ ?

क) विपन्न    ख) दलित    ग) जेहेन्दार    घ) अन्य ...........

३) छात्रवृत्ति कार्यक्रमले कस्तो सामजिक प्रभाव पारेको छ ?

.............................................................................

४) छात्रवृत्ति कार्यक्रमबाट विद्यार्थीले  के कस्ता लाभहरू प्राप्त गर्न सक्दछन् ?

..............................................................................

५) विद्यालय छात्रवृत्ति कार्यक्रमले समाजलाइ कसरी सहयोग गरेको छ ?

....................................................................................

६) छात्रवृत्ति कहिले वितरण गर्ने  गरेको छ ?

क) शैक्षिक सत्रको शुरुमा    ख) शैक्षिक सत्रको बिचमा

ग) शैक्षिक सत्रको अन्यमा

७) छात्रवृत्ति कोटा के को आधारमा वितरण गर्नु हुन्छ ?

क) विद्यार्थी सङ्ख्या ख) भौगोलिक क्षेत्र ग)विवरणको उपलब्धता

८) छात्रवृत्ति कोटा वितरणमा कुनै दवाव आउने गरेकोछ ?

क) छ ख)छैन

९) छ भने कसबाट आउने गरेको छ ?

क) अभिभावक ख) विद्यालय परिवार

ग) राजनैतिक संगठन घ)अन्य .........

१०) छात्रवृत्ति वितरणका उक्त आधारहरू उपयुक्त छन् ?

क) छन् ख)छैनन् ग) अन्य..................

११) उक्त आधार उपयुक्त नभए कुन आधारमा गरीनु पर्ला ?

क) दलित ख) भौगोलिक क्षेत्र

ग) विद्यार्थी उपलब्धि घ) अन्य ....................

१२) छात्रवृत्ति लक्षित वर्गसम्म पुगेको छ ?

क) छ ख) छैन

१३) विद्यालयहरूले छात्रवृत्ति रकम सहि समयमा वितरण गरेका छन् ?

क) छन् ख) छैनन

१४) छात्रवृत्ति सदुपयोग भए नभएको अनुगमन गर्न संयन्त्र बनाउनु भएको छ ?

क) छ ख) छैन

१५) छात्रवृत्ति कार्यक्रम प्रति सकारात्मक हुनु हुन्छ ?

क) छु ख) छैन् ग) अन्य ....................

१६) छात्रवृत्ति कार्यक्रम प्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?

क) छ ख) छैन

१७) छात्रवृत्ति रकम उपयुक्त लाग्छ ?

क) लाग्छ ख) लाग्दैन

१८) छात्रवृत्ति नगद वा जिन्सी कुन प्रभावकारी हुन्छ ?

क) नगद ख) जिन्सी

१९) छात्रवृत्तिका लागि विद्यार्थीको छनौट कसले गर्नु पर्दछ ?

क) शिक्षक स्टाफ ख) वि.व्य.स. ग)अन्य............

२०) छात्रवृत्ति सदुपयोग भएको पाउनु भएकोछ ?

क) छ ख) छैन ग) आंशिक

२०) छैन भने कसबाट दुरुपयोग भएको बूझ्नु भएको छ?

क) अभिभावक ख) प्र.अ.

ग) विद्यार्थी घ)अन्य

२१) छात्रवृत्ति कार्यक्रममा देखिएका समस्याहरू के के छन ?

उत्तर ........................................................................................

..............................................................................................

२२) यस्ता समस्याको समाधान गर्न यहाँका सुझावहरू के के छन ्

उत्तर ......................................................................

२३) छात्रवृत्ति कार्यक्रमका सकारात्मक र नकारात्मक पक्षहरू के के छन् ?

क) सकारात्मक पक्ष

.................................................................................................

...............................................................................................

ख) नकारात्मक पक्ष

..............................................................................................

...............................................................................................

═

# विद्यालय छात्रवृत्ति कार्यक्रमको सामजिक उपादेयता

## अनुसची २

## वि.व्य.स सदस्य र अभिभावकका लागि प्रश्नावली

नाम :-.........................                                ठेगाना ....................

१) विद्यालय तहमा छात्रवृत्ति आवस्यक छ ?

क) छ          ख) छैन

२) छ भने कसलाई आवस्यक छ ?

क) विपन्न     ख) दलित     ग) जेहेन्दार     घ) अन्य ...........

३) छात्रवृत्ति कार्यक्रमले कस्तो सामजिक प्रभाव पारेको छ ?

..............................................................................

४) छात्रवृत्ति कार्यक्रमबाट विद्यार्थीले के कस्ता लाभहरू प्राप्त गर्न सक्दछन् ?

...............................................................................

५) विद्यालय छात्रवृत्ति कार्यक्रमले समाजलाइ कसरी सहयोग गरेको छ ?

.....................................................................................

६) छात्रवृति कहिले वितरण गर्दा राम्रो हुन्छ ?

क) शैक्षिक सत्रको शुरुमा     ख) शैक्षिक सत्रको बिचमा

ग) शैक्षिक सत्रको अन्यमा

७) छात्रवृत्ति कोटा के को आधारमा वितरण गर्नु पर्छ ?

क) विद्यार्थी सङ्ख्या      ख) भौगोलिक क्षेत्र      ग) विवरणको उपलब्धता

८) छात्रवृत्ति कोटा वितरणमा कुनै पक्षपात हुन्छ ?

क) हुन्छ      ख) हुदैन      ग) थाहा छैन

९) हुन्छ भने कसबाट हुने गरेको छ ?

क) अभिभावक      ख) विद्यालय परिवार      ग) राजनैतिक संगठन घ)अन्य .........

१०) छात्रवृत्ति वितरणका उक्त आधार उपयुक्त छ ?

क) छन्      ख) छैनन्      ग) अन्य..................

११) उक्त आधार उपयुक्त नभए कुन आधारमा गरीनु पर्ला ?

क) दलित      ख) भौगोलिक क्षेत्र

ग) विद्यार्थी उपलब्धि      घ) विपन्न      ङ) अन्य ....................

१२) छात्रवृत्ति लक्षित वर्गसम्म पुगेको छ ?

क) छ      ख) छैन

१३) विद्यार्थीहरूले छात्रवृत्ति रकम सहि समयमा वितरण गरेका छन् ?

क) छन्      ख)छैनन

१४) छात्रवृत्ति कार्यक्रम प्रति सकारात्मक हुनु हुन्छ ?

क) छु      ख) छैन्      ग) अन्य ....................

१५) छात्रवृत्ति कार्यक्रम प्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?

क) छ      ख) छैन

१६) छात्रवृत्ति कार्यक्रम प्रति तपाईको भनाइ के छ ?

……………………………………………………………………………

१७) छात्रवृत्ति रकम उपयुक्त लाग्छ ?

क) लाग्छ ख) लाग्दैन

१८) छात्रवृत्ति रकम उपयुक्त लाग्दैन भने के गर्नु पर्ला ?

क) बढाउनु पर्छ ख) कम गर्नु पर्छ ग) अन्य…………

१९) छात्रवृत्ति नगद वा जिन्सी कुन प्रभावकारी हुन्छ ?

क) नगद ख) जिन्सी

२०) छात्रवृत्तिका लागि विद्यार्थीको छनौट कसले गर्नु पर्दछ ?

क) शिक्षक स्टाफ ख) वि.व्य.स. ग)अन्य…………

२१) छात्रवृत्ति सदुपयोग भएको पाउनु भएकोछ ?

क) छ ख)छैन ग) आंशिक

२२) छैन भने कसबाट दुरुपयोग भएको बूझ्नु भएको छ

क) अभिभावक ख)प्र.अ. ग)विद्यार्थी घ)अन्य

२३) छात्रवृत्ति कार्यक्रममा देखिएका समस्याहरू के के छन ?

उत्तर ……………………………………………………………………………

…………………………………………………………………………………………………

२४) यस्ता समस्याको समाधान गर्न यहाँका सुझावहरू के के छन् ?

उत्तर ……………………………………………………………

……………………………………………………………

२५) छात्रवृत्ति कार्यक्रमका सकारात्मक र नकारात्मक पक्षहरू के के ?

क) सकारात्मक पक्ष

………………………………………………………………………………………………

………………………………………………………………………………………………

ख) नकारात्मक पक्ष

…………………………………………………………………………………………………………………

……………………………………………………………………………………………

## विद्यालय छात्रवृत्ति कार्यक्रमको सामजिक उपादेयता

## अनुसूची ३

### प्र.अ. र शिक्षकका लागि प्रश्नावली

नाम :-....................................

विद्यालय ................................

पद .........................

१) विद्यालय तहमा छात्रवृत्ति आवस्यक छ ?

क) छ ख) छैन

२) छ भने कसलाई आवस्यक छ ?

क) विपन्न ख) दलित ग) जेहेन्दार घ) अन्य ...........

३) छात्रवृत्ति कार्यक्रमले कस्तो सामजिक प्रभाव पारेको छ ?

४) छात्रवृत्ति कार्यक्रमबाट विद्यार्थीले के कस्ता लाभहरू प्राप्त गर्न सक्दछन् ?

५) विद्यालय छात्रवृत्ति कार्यक्रमले समाजलाइ कसरी सहयोग गरेको छ ?

६) तपाइको विद्यालयमा छात्रवृत्ति नियमित आउछ ?

क) आउछ ख) आउदैन ग) अन्य

७) छात्रवृत्ति कहिले वितरण गर्ने  गरेको छ ?

क) शैक्षिक सत्रको शुरुमा          ख) शैक्षिक सत्रको बिचमा

ग) शैक्षिक सत्रको अन्यमा

८) छात्रवृत्तिका लागि विद्यार्थी छनौट कसरी गर्नुहुन्छ ?

क) स्टाफ बैठकले      ख) वि.व्य.स. ले         ग)अन्य

९) छात्रवृत्ति  वितरणमा कुनै दवाव आउने गरेकोछ ?

क) छ                    ख)छैन

१०) छ भने कसबाट आउने गरेको छ ?

क) अभिभावक    ख) राजनैतिक संगठन             ग)अन्य .........

११) छात्रवृत्ति वितरणका उक्त आधार उपयुक्त छ ?

क) छन्        ख) छैनन्             ग) अन्य..................

१२) उक्त आधार उपयुक्त नभए कुन आधारमा गरीनु पर्ला ?

क) दलित                        ख) भौगोलिक क्षेत्र

ग) विद्यार्थी उपलब्धि            घ) अन्य ....................

१३) छात्रवृत्ति लक्षित वर्गसम्म पुगेको छ ?

क) छ                                      ख) छैन

१४) विद्यालयले छात्रवृत्ति रकम सहि समयमा वितरण गरेको छ ?

क)  छ                        ख)छैन

१५) छात्रवृत्ति कार्यक्रम प्रति सकारात्मक हुनु हुन्छ ?

क) छु                   ख) छैन्    ग) अन्य ....................

१६) छात्रवृत्ति कार्यक्रम प्रति तपाईको भनाइ के छ ?

१७ छात्रवृत्ति रकम उपयुक्त लाग्छ ?

क) लाग्छ ख) लाग्दैन

१८ छात्रवृत्ति रकम उपयुक्त लाग्दैन भने के गर्नु पर्ला ?

क) बढाउनु पर्छ ख) कम गर्नु पर्छ ग) अन्य...........

१९ छात्रवृत्ति नगद वा जिन्सी कुन प्रभावकारी हुन्छ ?

क) नगद ख) जिन्सी

२० छात्रवृत्तिका लागि विद्यार्थीको छनौट कसले गर्नु पर्दछ ?

क) शिक्षक स्टाफ ख)वि.व्य.स. ग)अन्य............

२१ )छात्रवृत्ति सदुपयोग भएको पाउनु भएकोछ ?

क) छ ख)छैन ग) आंशिक

२२ छैन भने कसबाट दुरुपयोग भएको बूझ्नु भएको छ?

क) अभिभावक ख) प्र.अ. ग) विद्यार्थी घ)अन्य

२३ छात्रवृत्ति कार्यक्रममा देखिएका समस्याहरू के के छन ?

२२) यस्ता समस्याको समाधान गर्न यहाँका सुझावहरू के के छन

क) सकारात्मक पक्ष

...............................................................................................................

...............................................................................................................

ख) नकारात्मक पक्ष

...............................................................................................................

...............................................................................................................

=

# विद्यालय छात्रवृत्ति कार्यक्रमको समाजिक उपादेयता

## अनुसूचि ४

### लक्षित समूह छलफलका लागि प्रश्नावली

१.तपाइहरूलाइ विद्यालयमा वितरण गरिने छात्रवृत्तिका बारेमा के कति थाहा छ ?

२ छात्रवृत्ति कार्यक्रमले कस्तो सामजिक प्रभाव पारेको छ ?

३) छात्रवृत्ति कार्यक्रमबाट विद्यार्थीले के कस्ता लाभहरू प्राप्त गर्न सक्दछन् ?

४) विद्यालय छात्रवृत्ति कार्यक्रमले समाजलाइ कसरी सहयोग गरेको छ ?

५) तपाइको विद्यालयमा छात्रवृत्ति नियमित आउछ ?

६) छात्रवृत्तिका लागि विद्यार्थी छनौट कसरी गर्नुहुन्छ ?

७) छात्रवृत्ति वितरणमा कुनै दवाव आउने गरेको छ ?

८) छात्रवृत्ति कोटा के का आधारमा वितरण हुन्छ ?

९) छात्रवृत्ति वितरणका उक्त आधार उपयुक्त छ ?

१०) उक्त आधार उपयुक्त नभए कुन आधारमा गरीनु पर्ला ?

११ छात्रवृत्ति लक्षित वर्गसम्म पुगेको छ ?

१२) विद्यालयले छात्रवृत्ति रकम सहि समयमा वितरण गरेको छ ?

१३) छात्रवृत्ति कार्यक्रम प्रति सकारात्मक हुनु हुन्छ ?

१४) छात्रवृत्ति कार्यक्रम प्रति तपाईको भनाइ के छ ?

१५) छात्रवृत्ति रकम उपयुक्त लाग्छ ?

१६) छात्रवृत्ति रकम उपयुक्त लाग्दैन भने के गर्नु पर्ला ?

१७) छात्रवृत्ति नगद वा जिन्सी कुन प्रभावकारी हुन्छ ?

१८) छात्रवृत्तिका लागि विद्यार्थीको छनौट कसले गर्नु पर्दछ ?

१९)छात्रवृत्ति  दुरुपयोग भएको पाउनु भएकोछ ?

२०) छैन भने कसबाट दुरुपयोग भएको बूझ्नु भएको छ?

२१) छात्रवृत्ति कार्यक्रममा देखिएका समस्याहरू के के छन ?

२२) यस्ता समस्याको समाधान गर्न यहाँका सुझावहरू के के छन् ?

२३ छात्रवृत्ति कार्यक्रमका सकारात्मक र नकारात्मक पक्षहरू के के छन् ?

# विद्यालय छात्रवृत्ति कार्यक्रमको समाजिक उपादेयता

## अनुसूची ५

## नमुनामा परेका विद्यालय विवरण

| विद्यालयको नाम र ठेगाना | प्र.अ. | शिक्षक | वि.व्य.स.अध्यक्ष | अभिभावक | जम्मा |
|---|---|---|---|---|---|
| १. सिहं बाहिनी उ.मा.विं म्याङलुङ | १ | २ | १ | २ | ६ |
| २ शारदा नि.मा.वि. तम्फूला | १ | १ | १ | २ | ५ |
| ३ आदर्श प्रा.विं म्याङलुङ | १ | १ | १ | २ | ५ |
| ४. लक्ष्मी प्रा.वि. तम्फूला | १ | १ | १ | २ | ५ |
| ५. सार्वजनिक प्रा.वि. साब्ला | १ | १ | १ | २ | ५ |
| ६. रानि पोखरी प्रा.वि. साब्ला | १ | १ | १ | २ | ५ |
| ७. म्याङलुङ स्रोतकेन्द्र हेर्ने वि.नि. | | | | | १ |
| ८ म्याङलुङ स्रोतकेन्द्रका स्रोत व्यक्ति | | | | | १ |
| जम्मा | | | | | ३३ |